**मध्यपहाडी व्यापारीक तथा पर्यटकीय शहर**
**सुन्दर, समृद्ध, सास्कृतिक बागलुङ नगर**

सभा उपाध्यक्षज्यू,
सभा सदस्यज्यूहरु,

मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचन बाट हामीलाई बागलुङ नगरको सुन्दर भविष्यको रुपरेखा कोर्ने अभिभारा प्राप्त भएको दुई बर्ष व्यतित भै सकेको छ । यस अवधिमा नगरको विकास एवं समुन्नतीको लागि हामीले शुरुवात एवं सम्पादन गरेका कार्यको मूल्याङ्कन गर्ने जिम्मेवारी आम नगरवासीलाई सुम्पदै यस सम्मानीत सभा समक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुतीको लागि उपस्थित भएको छु ।

यस अवसरमा नेपालको युगान्तकारी परिवर्तन, नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरुमा सरिक भई शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति उच्च-सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धा-सुमन अर्पण गर्दछु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनमा अगुवाई गर्नुहुने अग्रजहरुको योगदानको स्मरण गर्दै स्थानीय तहको दोश्रो निर्वाचन २०७९ मार्फत बागलुङ नगरको विकास, समृद्धि र सुशासनको लागि हामीलाई विश्वास गरेर सो अभिभारा पुरा गर्नको लागि आफ्नो अमुल्य मताधिकार मार्फत विजयी तुल्याउने समग्र नगरवासी लगायत सबै प्रकारले सहयोग गर्ने समग्र आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु ।

नगरवासीका असीमित चाहना, हामीले देखेको नगरको विकास र समृद्धीको सपना लाई साकार पार्नको लागि विभिन्न चुनौतीको बावजुत पनि हामी हाम्रा संकल्प र नगरवासीका चाहनालाई यो पाँच बर्षमा पुरा गर्ने गरी समृद्ध बागलुङको जग बसाल्न शुरु गरेका छौ । बागलुङ नगरपालिकाको विकास र समृद्धिका लागि संस्थापक नगर प्रमुख स्व. ऋषिराम शर्मा र यस पूर्वका जनप्रतिनिधिहरुले थालनी गरेका राम्रा र संस्थागत अभ्यासलाई अनुशरण गर्दै बागलुङ नगरको समग्र विकासको सकरात्मक नतिजा दिने गरी हाम्रा नीति तथा कार्यक्रमहरुलाई त्यस तर्फ लक्षित गरेको हुँदा हामीले शुरु गरेका हाम्रा नीति तथा कार्यक्रम अनुरुप समग्र कार्य प्रणालीमा गरिएका सुधारका नतिजा हाम्रो कार्यकालमा नगरवासीले अनुभुत गर्न पाउने कुरामा हामी विश्वस्त छौ ।

बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान २०७२, संघीय सरकारको दीर्घकालीन लक्ष्य, सोह्रौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण, संघीय सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेश सरकारको दोश्रो आवधिक योजना, नीति तथा कार्यक्रम र वजेट, संघीय सरकार र प्रदेश सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, नगरपालिकाको आवधिक नगर विकास योजना तथा मध्यमकालिन खर्च संरचना एवं आम नगरवासीको माग, आवश्यकता र चाहनालाई मुख्य आधार वनाईएको छ ।

संघ र प्रदेश सरकारबाट प्राप्त भएको बजेट सिलिङको अवस्था, आगामी आ.व.को लागि दायित्व सरेका योजना तथा कार्यक्रमहरुले सृजना गरेको आर्थिक दायित्व, चालु आ.व.मा सिलिङ बमोजिमको बजेट प्राप्त नहुनु, लक्ष्य बमोजिमको आन्तरिक आय नहुनु जस्ता कारण बजेटमा हुन गएको संकुचनले गर्दा खुल्ला हृदयले बजेट निर्माण गर्न सक्ने अवस्था नभएता पनि उपलब्ध स्रोतको समुचित वितरणलाई यथासंभव न्यायोचित बनाउने कोशिस गरेका छौ ।

विश्वव्यापी रुपमा अवलम्वन गरिएका शासन प्रणाली मध्ये उत्कृष्ट शासन व्यवस्थाको रुपमा परिभाषित संघीय लोकतान्त्रीक गणतान्त्रीक शासन व्यवस्था आफैमा जनमैत्री शासन व्यवस्था हो । त्यसमा पनि स्थानीय तह जनताको सवैभन्दा नजिकको सरकार हो । नेपालको संविधान अनुसार स्थानीय आर्थिक, सामाजिक, पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा स्थानीय तहको प्रमुख जिम्मेवारी रहेको छ । संविधानले स्थानीय तहलाई प्रदान गरेको

एकल र साझा अधिकार सूचिका विषयहरुमा योजना, बजेट तथा कानून निर्माण र त्यसको कार्यान्वयन गर्ने गरी अधिकार प्रदत्त गरिएको छ । स्थानीय तहमा क्रियाशिल सरकारले नै नागरिकको समिपमा रही, जनभावना, जनआकांक्षा एवं आवश्यकतालाई महशुस गरी विकास र समुन्नतीको बाटोमा अगाडि बढन सक्ने भएको हुँदा विकास र समुन्नतीको लक्ष्य पुरा गर्न आम नगरवासीसँग हातेमालो गरी सकारात्मक परिवर्तनको लागि प्रत्यक्ष महशुस र अनुभूती हुने गरी हाम्रा कार्यक्रम अगाडि बढाउनु पर्ने आवश्यकतालाई आत्मसाथ गर्दै **समृद्ध नगर र सुखी नगरवासी**को अभियानको निर्धारित लक्ष्य एवं उद्धेश्य पुरा गर्न हामी हाम्रा नीति कार्यक्रम, योजना र बजेट परीलक्षित गरेका छौ । यस अभियानमा अहोरात्र खटि रहनु भएका नगरसभा सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस नीति तथा कार्यक्रममा लोकतान्त्रिक मुल्य मान्यता, मानव अधिकार, सुशासन, सामाजिक न्याय र सुरक्षा सामाजिक संरक्षण, संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको सीमा र सम्वन्धका सिद्दान्तहरुलाई आत्मसाथ गर्दै गत विगतमा लिईएका महत्वपूर्ण नीति र संचालनमा रहेका गौरवका योजना र कार्यक्रमलाई निरन्तरता दिंदै हाम्रै पुस्ताले महशुस गर्ने गरी ग्रामीण क्षेत्रमा शान्त एवं सुन्दर आवास, शहरी एवं व्यावसायिक क्षेत्रमा उद्यमशिलता विकास, प्रविधियुक्त कृषि उत्पादनमा वृद्धि गर्ने वातावरणमैत्री सवारी साधन, आधुनिक जीवनशैली, प्रविधि सहितका सडक पूर्वाधार तथा यातायातका साधन र नविनतम सूचना प्रविधिमा सवै नागरिकहरुको पहुँच सहितको **सुन्दर, समृद्ध, सुखी र खुसी बागलुङ नगर**को परिकल्पना गरेको छु ।

यस नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण एवं रचनात्मक र श्रृजनात्मक सल्लाह, सुझाव दिनु हुने स्थानीय राजनैतिक दल लगायत सवै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, सरकारी तथा गैर सरकारी संघ संस्था, पेशागत संघ, संगठन, नागरिक समाज, वुद्धिजीवि एवं मतदाताहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । प्राप्त सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिई बागलुङ नगरपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गर्ने कुरामा विश्वास दिलाउन चाहन्छु । उल्लेखित सुझावहरुको आधारमा दिगो भौतिक पूर्वाधार निर्माण, पर्यटन पूर्वाधारको विकास, वातावरण संरक्षण, नगरवासीको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नती, सुशासन र संस्थागत विकासलाई मुख्य प्राथमिकता दिई नगरले आगामी आर्थिक वर्षमा लिने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु ।

सर्वप्रथम यस पूर्व हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रम र त्यसको कार्यान्वयन एवं उपलब्धीको समिक्षात्मक प्रस्तुति गर्न चाहन्छु ।

1= यस अगाडिका नगरसभामा हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनको सवालमा थुप्रै सफलता हाँसील गरेका छौ । हामी निर्वाचित भैरहदाको दिन सम्मको बागलुङ नगरपालिकाको अवस्था झल्कने गरी श्वेतपत्र जारी गरेका थियौ । जसको जगमा रहेर हाम्रा कार्यक्रमहरु परिलक्षित गरेका छौ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) मा तत्कालिन समयमा गरिएको मुल्याङ्कनमा झन्डै तेब्बर अंक प्रस्ताव गर्न सफल भएका छौ । निर्धारित समयमा बजेट तथा कार्यक्रम पुस्तक सार्वजनिक गरी बजेट कार्यान्वयमा सहज गराएका छौ । योजना कार्यान्वयनको लागि हुने लागत सहभागिता रकमलाई १० प्रतिशतमा कायम गरिएको छ भने टोल विकास संस्था मार्फत पाँच लाख भन्दा कमका एक भन्दा बढी योजना एकै पटक सम्झौता गर्न सक्ने गरी व्यवस्था गरेका छौं । नक्सापासलाई थप व्यवस्थित गरी आवश्यक मापदण्ड पूरा गर्न लगाई १० तला सम्म घर निर्माण गर्न सक्ने गरी भवन निर्माण मापदण्डलाई संशोधन गरि प्रयोगमा ल्याएका छौ । संम्भव भए सम्म नयाँ निर्माण हुने घरको चारै तर्फ प्लाष्टर गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइएका छौ । नक्सापास प्रयोजनको लागि बजार क्षेत्रको विभिन्न स्थानको माटो परीक्षण गर्ने कार्य सम्पन्न गरेका छौं ।

2= घुम्तीसेवा मार्फत वडावासीका थुप्रै सेवाहरुलाई घरदैलो बाटै सम्पादन गरेका छौ । ऐन, कार्यविधि निर्माण, न्यायिक कार्य सम्पादन प्रकृया, योजना तथा कार्यक्रम सम्झौता तथा संचालनको लागि गरिएको कानुनी व्यवस्था, संस्थागत सुशासन आदी जस्ता कार्यलाई सहज बनाउने गरी सम्वन्धित शाखा बाटै नागरिकका कार्य सम्पादन हुने विधिको प्रयोग गरी कर्मचारी प्रशासनलाई चुस्त र सेवाग्राही प्रति उत्तरदायी बनाउने

गरी वडा कार्यालयहरुमा प्रविधिमैत्री कर्मचारीको व्यवस्था गरी कतिपय कार्यलाई अनलाइन प्रणाली मार्फत सम्पादन गर्ने व्यवस्था मिलाएका छौं ।

3= प्राविधिक दृष्टीकोणबाट अनुपयुक्त र कमजोर भू-वनोट भएको स्थानमा विना अध्ययन नयाँ ट्र्याक खोल्ने परिपाटीको अन्त्य गरेका छौं । नगरको सुन्दरतालाई मध्येनजर गरी घरको चारै तर्फको खाली भागमा प्लाष्टर गरे पश्चात मात्र निर्माण सम्पन्न प्रमाण दिने गरी व्यवस्था गरेका छौं । पर्यटकीय क्षेत्रको पहिचान प्रचार, प्रसार र प्रवर्द्धनका कार्यहरु अगाडि बढाएका छौं । यसै गरी प्रसिद्ध बागलुङ कालिका, भैरवस्थान, शालिग्राम सङग्रालय, पञ्चकोट, लगायतका धार्मिक पर्यटकीय क्षेत्रको जानकारी मूलक विवरणलाई विश्वका १० वटा भाषामा हेर्न र पढन मिल्ने गरी क्यूआर कोडको व्यवस्था गरेका छौं ।

4= परम्परागत निर्वाहमुखी कृषि तथा पशुपालन प्रणालीलाई रोजगारीको रुपमा विकास गरी कृषि उत्पादनबाट आत्मनिर्भर बनाउने गरी कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम, पकेट क्षेत्र कार्यक्रम जस्ता आत्मनिर्भर केन्द्रीत कार्यक्रम संचालनमा ल्याएका छौ । सहकारी संस्थाहरुमा आर्थिक सुशासन कायम गर्न, वचत तथा निक्षेपलाई सुरक्षित र सुनिश्चित गर्न सघन अनुगमन, नियमन र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम प्रारम्भ गरेका छौं । गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत विभिन्न प्रकारका तालिम मार्फत रोजगारी सृजना गरेका छौ ।

5= श्वेत पत्र जारी गर्दाको अवस्थामा नगरपालिका क्षेत्रभित्र पिच सडक ४० कि.मी, ग्रावेल सडक १२ कि.मी र कच्ची सडक २०० कि.मी. रहेकोमा यस अवधिमा पालिका स्वंयम र पालिकाको पहलमा गरी पिच सड्क ६४ कि.मी., ढलान सड्क ३.२७ कि.मी., ग्राभेल सडक ३२ कि.मी., कच्ची सडक २४० कि.मी. पुर्‍याएका छौ । यस अवधिमा ३५०० हेक्टर खेतमा सिंचाई सुविधाको विस्तार गरेका छौ । निरहेमा वृद्धाश्रम, मूलपानी स्वास्थ्य चौकी भवन निर्माण लगायत सवै वडामा गरी ५६ वटा सामुदायिक भवन र १६ वटा विद्यालय भवन निर्माण सम्पन्न गरिएको छ भने बागलुङ नगर अस्पताल, नारायणस्थान स्वास्थ्य चौकी, ७ नं. वडा कार्यालय, मानवसेवा आश्रम भवन लगायत केही महत्वपूर्ण भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । एक घर एक धारा कार्यक्रम अन्तर्गत करिव १ दर्जन खानेपानी योजनाको कार्य सम्पन्न भै सकेको छ भने केहि स्थानमा ग्राभेटी फ्लो र लिफ्टिङ खानेपानी योजनाको काम सम्पन्न हुने चरणमा पुगेको छ ।

6= बागलुङ नगरपालिकाको गौरवको आयोजना अन्तर्गत बा.न.पा. ३ बोक्से देखि सिगाना हुँदै दमेक शान्तीपुर सम्मको सडक, कालीगण्डकी करिडोर सडक, शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम (NUGIP) तर्फका सडक, अदालत चौपारी देखी तित्याङ्ग हुँदै भकुण्डे रायडाडा सडक, पञ्चकोट बाबा परिक्रमा सहितको सडक (गैरीखेत देखि माईपुञ्ने हुँदै पञ्चकोट सम्मको सडक), वडा नं. १० र ११ स्थित गलुवा भकुण्डे हुँदै रायडाँडा सम्मको सडक, वडा नं. ५ र ६ भान्सा सांधखोला सडक, तिरुपती चोक देखि मालिका पञ्चकोट तितौरे भिमपोखरा सड्क, बा.न.पा. १२ को टाकुरी देखि जैमिनी नगरपालिकाको सिमाना सम्मको सडक, सरङ्गी देखी भैरवस्थान सम्मको सडक, काभ्रेडाँडा हुँदै चिसाखोला भैरवस्थान सडक, पानि टंकी देखी पैंयुपाटा धापाखोला अमलाचौर सडकको निर्माण प्रकृया अगाडि बढेको छ ।

7= बा.न.पा. वडा नं. ४ मा निर्माण सम्पन्न भएको दावगरा आधुनिक बसपार्क संचालन गर्ने गरी उद्घाटन र जग्गा फिर्ताको तयारी अन्तीम चरणमा पुगेको छ ।

8= विद्यालयहरुको शैक्षिक सुधार गर्ने र शिक्षक अभावमा पठनपाठन अवरुद्ध नहुने गरी सुत्केरी सट्टा शिक्षक राख्ने व्यवस्था, बालमैत्री अभ्यास अन्तर्गत एक बेन्चमा २ जना मात्र विद्यार्थी बस्ने डेक्सको व्यवस्था, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट खेलाडिलाई पुरस्कृत गर्ने व्यवस्था, विपन्न विद्यार्थीलाई छात्रवृत्ति, शैक्षिक क्यालेण्डर, स्थानीय करिकुलम लगायत शिक्षा क्षेत्रको समग्र विकासको लागि सामुदायिक विद्यालयहरुलाई स्थगन र तह मिलान गरेका छौं ।

9= स्वास्थ्य तर्फ वर्थिङ सेन्टर, शहरी स्वास्थ्य केन्द्र र प्रयोगशाला सेवाको विस्तार गरेका छौ । कोभिड १९ विरुद्धको खोप, हात्ति पाइले रोग विरुद्धको आम औषधि वितरण लगायतका अभियान सञ्चालन गरी ९७ प्रतिशत उपलब्धी हासील गर्न सफल भएका छौ । बागलुङ नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्न सफल भएका छौ । यस अवधिमा ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम मार्फत गर्भवती महिलाहरुलाई भिडियो एक्स-रे सेवा, विभिन्न संघसंस्था संगको सहकार्यमा वृहत स्वास्थ्य शिविर सम्पन्न गरेका छौं । ज्येष्ठनागरिकलाई घरदैलो मार्फत स्वास्थ्य परिक्षण, प्रजनन स्वास्थ्यको लागि प्रजनन् रुग्णता शिविर

संचालन गरेका छौ । हरेक घर र नागरिकको स्वास्थ्यको अवस्थाको जानकारी लिने हेतुले पारिवारिक स्वास्थ्य प्रोफाईल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । दादुरा रुवेला लगायतका विभिन्न खोप अभियान संचालन गरेका छौ । औषधि तथा अन्य सामग्रीको अभाव हुन नदिनका लागि आन्तरिक व्यवस्थापन तथा अन्य सरकारी निकायहरुसंग समन्वय गरी सहज रुपमा बाह्रै महिना स्वास्थ्य संस्थाहरुमा औषधिको अभाव हुन नदिने व्यवस्था मिलाएका छौ ।

10= हाम्रो समाजमा छोरी जन्मिए पश्चात आमा र नवजात शिशु प्रति गरिने असमान व्यवहार, गर्भाअवस्थामा भ्रुणको जाँच, भ्रुणहत्या र छोरी प्रतिको गलत दृष्टीकोणलाई हटाउन छोरीको जन्म भए पश्चात छोरीको नाममा नगरपालिकाले पाँच हजार रुपैयाँको २० बर्षे मुद्दती खाता खोल्ने गरी नगरको छोरी कार्यक्रम शुरुवात गरेका छौं ।

11= विपद र प्रकोपजन्य घटनाको समयमा तत्काल राहत र उद्दार कार्यमा सहजिकरण गर्नको लागि एम्बुलेन्स, दमकल, जे.सि.भि र आवश्यक सामग्री सहित स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र संचालनमा ल्याएका छौं । नगरपालिका क्षेत्रभित्रका विरामी र विपदमा परेका व्यक्तिलाई निःशुल्क रुपमा बागलुङ अस्पताल सम्म ल्याउनको लागि हटलाईन सेवा सहितको एम्वुलेन्स सेवा संचालनमा ल्याएका छौं ।

12= बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो गराउनको लागि परार्मश सेवा, विदेशमा अलपत्र परेका व्यक्तिको सुरक्षित स्वदेश फिर्ता, दुर्घटनामा परी घाईते भएका र मृत्यु भएकाहरुलाई विमा दावी, उपचार खर्च र मृतकको शव व्यवस्थापन लगायतका कार्यको लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मार्फत कार्य गरिरहेका छौ । वैदेशिक रोजगारको लागि विदेश जाने व्यक्तिहरुलाई श्रम स्वीकृतिको लागि काठमान्डौ जानु पर्ने वाध्यतालाई अन्त्य गरी सो सम्वन्धी सहजिकरणको सुरुवात गरेका छौ ।

13= हिंसा र पिडामा परेका महिला तथा वालवालिकाहरुको हकहित र संरक्षणको लागि संचालनमा रहेको अल्पकालिन महिला सेवा केन्द्र मार्फत हिंसा पिडित तथा प्रभावित महिला र किशोरीहरुको लागि आश्रय, लुगाफाटो, यातायात, स्वास्थ्य उपचार, कानुनी सेवा उपलब्ध गराएका छौं ।

14= बैंकिङ्ग प्रणाली मार्फत लाभग्राहीको सामाजिक सुरक्षा भत्ता रकमलाई सोझै लाभग्राहीको व्यक्तिगत खातामा जम्मा हुने गरी Electornic Fund Transfar (EFT) शुरु गरेका छौ ।

15= पद वहाली पश्चातको पहिलो कार्यपालिका बैठकबाट बागलुङ नगरलाई बालमैत्री नगर घोषणा गर्ने प्रतिवद्धता संगै नीतिगत व्यवस्था गरी सवै वडाहरुमा आधारभूत तहको कार्य सम्पन्न गरी बालमैत्री नगर घोषणाको लागि आवश्यक पर्ने ५१ वटा सूचक मध्ये ३६ वटा सूचक पूरा गरी सकेका छौं । बाँकी सूचक तोकिएको समयमै पुरा गर्ने गरी बालमैत्री अभियान लाई तिव्रता दिएका छौ ।

16= नेपालका विभिन्न जिल्ला तथा भारतबाट समेत कामकाजको लागि यस पालिका भित्र रहेका श्रमिकहरुको पहिचान, सेवा र सुरक्षाको लागि श्रमिक पहिचान पत्र कार्यको शुरुवात गरेका छौं ।

17= बाङ्गेचौरमा रहेको गण्डकी स्वर्णीम झुला, चिप्लेटी बसपार्क सालवोट जोड्ने पुल, मालढुंगा देखी उपल्लाचौर र बजार क्षेत्रमा रातको समयमा उज्यालो बनाउन, आन्तरिक पर्यटकलाई आर्कषण गर्नको लागि विद्युत जडानको कार्य सम्पन्न गरेका छौ । यसले गर्दा शहरी सुरक्षा व्यवस्था थप मजवुत हुने विश्वास लिएको छु ।

18= बजार व्यवस्थापन गर्नको लागि सरोकारवाला सहितको समन्वयमा सडकमा अव्यवस्थित रुपमा रहेका अधिकांश विद्युत पोल, तार, र सडक अधिकार क्षेत्र भित्र निर्माण गरिएका संरचना हटाउने र पौदलयात्रीको सहजताको लागि फुटपाथलाई व्यवस्थित गर्ने कार्य अगाडि बढेको छ । यसै गरी भु-वर्गीकरणको लागि वडा स्तरबाट मापदण्ड संकलन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

19= विद्यालयहरुमा पर्यटन बालक्लव गठन गर्ने कार्य निरन्तर रुपमा अघि बढिरहेको र यसले पर्यटन क्षेत्रमा उत्साह सिर्जना गर्नुका साथै दिर्घकालिन रुपमा पर्यटन क्षेत्रबाट पर्याप्त लाभ सिर्जना हुने विश्वास लिएको छु ।

सभासदस्य ज्युहरु,
अव म आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु ।

## आर्थिक विकास

### (क) कृषि तथा पशुपंक्षि विकास

1= परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई विविधीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गर्ने नीति अनुरुप सम्भावना बोकेका स्थानमा सुन्तला, ओखर, च्याउ र तरकारी पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

2= कृषिलाई निर्यातमुखी अर्थतन्त्रसंग जोड्नको लागि उच्च बजार मुल्य भएका कागती, किवि, लिची, आँप, केरा एभोकाडो, ड्रागन फ्रुट्स, चिया, कफि, अलैची, ओखर, पुष्प खेती जस्ता फलफुल खेतीलाई विषेश प्रोत्साहन गरिनेछ ।

3= कृषकहरुको सुविधाको साथै उत्पादन वृद्धिमा सहयोग पुग्ने गरी हरेक वडामा घुम्ती माटोपरीक्षण शिविर संचालन गरिनेछ । साथै उन्नत विउ, मल, विषादी, सीप, प्रविधि र औजारमा आवश्यक सहयोग एवं सहजिकरण गरिनेछ ।

4= आयातीत बस्तुमा बढ्दो परनिर्भरतालाई कम गरी जिविकोपार्जनमा सघाउ पुऱ्याउन, जमिनलाई बाँझो राखि कृषि उत्पादनमा आएको ह्रासलाई रोक्न **बाँझो जमिनको उपयोग, गरौ सवै मिलि सदुपयोग** भन्ने नाराका साथ लगातार ३ (तीन) बर्ष सम्म बाँझो रहेको जमिन उपयोगमा ल्याउने कृषकलाई बाँझो जमिन खनजोत गर्न लाग्ने खर्चमा अनुदान दिने र उक्त जमिनमा नयाँ प्रकारका उत्पादनमुखी कृषि तथा पशुपंक्षि फर्म व्यवसाय संचालनका लागि सहजिकरण गरी नगर प्रमुख स्वरोजगार कार्यक्रममा समावेश गराईनेछ ।

5= बागलुङ नगरक्षेत्रको उपयुक्त स्थानमा कृषि कलेज स्थापनाको लागि आवश्यक जोड दिईनेछ ।

6= प्राकृतिक प्रकोप, रोगव्याधी लगायतको कारण कृषिमा गरिएको लगानी डुब्न नदिनको लागि **गरौ कृषि उत्पादन हातमा, प्रकोप परे विमा छ साथमा** कार्यक्रमलाई कृषक, कृर्षि व्यवसायी र प्रदेश सरकारको साझेदारीमा अगाडि बढाईनेछ ।

7= **एक बस्तु सामुहिक उत्पादन, एक वडा एक विषेश उत्पादन** कार्यक्रमको सम्भाव्यता अध्ययन गरी उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

8= स्थानीय कृषि उत्पादनको बजारीकरणलाई सहयोग पुऱ्याउनको लागि ग्रामिण वडाका उपयुक्त स्थानमा कृषि उपज संकलन केन्द्र र बजारको उपयुक्त स्थानमा आधुनिक कृषि बजार स्थापना गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

9= बागलुङ बजार क्षेत्रमा कौसी तथा करेसावारी तरकारी खेती लाई प्रर्वद्धन गर्ने उद्धेश्य अनुरुप **कौशिको शान, छतमा नै उत्पादन** कार्यक्रम संचालन गरिनेछ । बजार क्षेत्रमा बसोवास गर्ने घर परिवारले घरको कौसी तथा करेसावारीमा नमुना तरकारी खेती गरी उदारणीय कार्य गर्न प्रोत्साहन गरी उत्कृष्ट ५० घर परिवारलाई घरमा नै पुगी आवश्यक तालिम, प्रविधि र विउ विजन सहित सम्मान गरिनेछ ।

10= प्रदेश तथा संघ सरकारको सहयोगमा बागलुङ नगरका सवै कृषि योग्य जमीनमा क्रमशः सिंचाई सुविधा पुऱ्याईनेछ ।

11= कृषि तथा पशु उत्पादनबाट बजार क्षेत्रका वासीन्दालाई कृषि तथा पशुजन्य उत्पादनको आपूर्ति गर्ने, रोजगारी सृजनामा उल्लेख्य योगदान पुऱ्याउने र निरन्तर कृषि पेशालाई पुख्यौली पेशाको रुपमा अगाडि बढाउने उत्कृष्ट कृषक तथा कृषक समूह छनौट गरी घर, फर्म र कार्यस्थलमा नै सम्मान गर्ने गरी **गरौ श्रम वारीमा, खाडि होईन कृषिमा** भन्ने अभियानलाई अगाडि बढाईनेछ ।

12= बाँदर प्रभावित क्षेत्र तथा टारी खेतमा टिमुर, ओखर, कागती, अदुवा, बेसार, मौरीपालन र पशुपालन जस्ता कार्यक्रमलाई प्रवर्द्धन गर्नुका साथै बादर नियन्त्रणका लागि उपयुक्त प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

13= गाँजा खेती प्रतिको बुझाईलाई परिवर्तन गरी गाँजा तथा भांगो खेती मार्फत प्रशस्त आय आर्जन गर्न सकिने सम्भावनाहरुलाई मध्येनजर गरी विद्यमान कानुनमा संशोधन परिमार्जन गर्नको लागि संघ तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ । साथै नगरक्षेत्र भित्र गाँजा खेती हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरिनेछ ।

14= भौगोलिक रुपमा विकट रहेको बागलुङ नगरपालिका वडा नं. ११ को रायडाडा क्षेत्रको आर्थिक विकास र समृद्धिको लागि संचालनमा रहेको रायडाडा विशेष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

15= **आज होइन भोलिलाई, पालौ पाडी बाच्छीलाई** भन्ने नाराका साथ बाच्छी र पाडि पाल्नको लागि कृषकलाई प्रोत्साहन गर्न बाच्छी र पाडिको निःशुल्क विमा, औषधी उपचार र सुत्केरी पशुलाई भिटामिन लगायतका

औषधी उपलब्ध गराउने र बाच्छी र पाडि पाल्ने कृषकलाई सम्मान गर्ने कार्यक्रमलाई अगाडि बाढाईनेछ।

16= पशु वस्तुमा कृत्रिम गर्भाधान सेवालाई घरदैलो तहसम्म विस्तार गरिनेछ।

17= कुखुरा, कालिज, बाखा, पाडा पाडी, बंगुर, माछा लगायतका पशुपंक्षीको व्यावसायिक उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ।

18= छाडा तथा सामुदायिक कुकुरहरुको टोकाई र आतंकबाट नागरिकलाई सुरक्षित र भय रहित बनाउनको लागि प्रदेश सरकारको नवप्रर्वतन कार्यक्रम मार्फत **सामुदायिक कुकुर सेल्टर हाउस**को कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ। पशु अधिकारकर्मी तथा Dog Lovers हरु संग समन्वय गरी कुकुर सेल्टर हाउसको व्यवस्थापन, उपचार र आहारको लागि समन्वय गरिनेछ। सेल्टर हाउसमा रहेका कुकुरलाई विक्रि गर्ने र सशुल्क पाल्ने गरी व्यवस्था गरिनेछ। सामुदायिक कुकुरको वन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ। रेविज रोगको जोखिम न्यूनिकरणका लागि घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेविज विरुद्दको खोप लगाईनेछ। घरपालुवा कुकुर दर्ता गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

19= मासु र मासु जन्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउनको लागि हेफर ईन्टरनेश्नल नेपालसंग सहकार्य गरिएको **आत्मनिर्भर बागलुङ** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

20= पशुपालक व्यवसायिक कृषकहरुलाई उन्नत घाँसको वीउ वितरण, घाँस संरक्षणका विधिको प्रयोगको लागि आवश्यक तालिम र उपकरण तथा अनुदान सहयोग उपलब्ध गराईनेछ।

21= पशुपंक्षिमा विभिन्न समयमा देखा पर्ने रोग तथा महामारीको कारण हुने क्षतिलाई न्युनिकरण गर्नको लागि पशुपंक्षि खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

22= व्यवस्थित पशुवधशाला निर्माणको लागि उपयुक्त स्थानको खोजी गरिनेछ।

23= कृषकहरुको सुविधाको लागि **नि:शुल्क कृषि तथा पशु परामर्श सेवा** संचालनको व्यवस्था गरिनेछ।

24= युवाहरुलाई स्वरोजगार वनाउन युवा लक्षित पशु पालन कार्यक्रमम संचालन गरिनेछ।

### (ख) सहकारी तथा रोजगार प्रवर्द्धन

25= नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको प्रवर्धन र वित्तिय सुशासनलाई प्रभावकारी बनाउनको लागि विद्यमान कानुनलाई समय सापेक्ष बनाई जनशक्ति सहितको संयन्त्र निर्माण गरी नियमन गरिनेछ भने उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ।

26= सहकारी विभाग, प्रदेश सहकारी रजिष्टारको कार्यालय, जिल्ला सहकारी संघ, विभिन्न विषयगत सहकारी संघ समेतको साझेदारीमा सहकारी व्यवस्थापन, सहकारी लेखा, Cooperative and Poverty related management information system (COPOMIS) तथा अन्य सहकारी सम्बन्धी शिक्षा, सचेतना, गोष्ठि/कार्यक्रमहरु सञ्चालन गरी सहकारीको क्षमता अभिवृद्धी गर्दै लगिनेछ। हरेक वडामा एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्था रहेमा कानुन बमोजिम मर्जरको नीति अवलम्वन गरिनेछ। निश्कृय सहकारी पहिचान गरी खारेजीको प्रकृया अगाडि बढाईनेछ। सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धी गर्न तथा संस्थाको हक हित र संरक्षणको लागि सहकारी सञ्जाल गठन गरिनेछ।

27= सहकारी संस्थाको उद्धेश्य, कार्यक्षेत्र, सहकारी संस्थामा रहेका जनशक्ति आदीको विश्लेषण गरी आवश्यकताको आधारमा फोहरमैला व्यवस्थापन, विपद, सामाजिक सचेतना, समुदाय परिचालन, लघुवित्त परिचालन, स्थानीय उत्पादनमा बृद्धि, सहकारी गाउँ, होमस्टे, पर्यटन प्रवर्द्धन तथा इको भिलेज जस्ता क्षेत्रमा साझेदारी गर्ने नीति लिईनेछ।

28= सहकारी संस्थाहरुमा कार्यरत जनशक्तिहरुको पारिश्रमिकलाई समयसापेक्ष बनाउन आवश्यक पहल गरिनेछ।

29= सहकारी संस्थालाई उत्पादन, प्रशोधन तथा बजारीकरण तर्फ उन्मुख गराउन आवश्यक नीति अवलम्न गरिनेछ।

30= सवै सहकारी संस्थाहरुलाई सहकारी तथा गरीवी निवारण व्यवस्थापन सुचना प्रणालीको वारेमा जानकारी गराई Cooperative and Poverty related Management Information System (COPOMIS) मा आवद्ध गराइने छ।

31= ग्रामिण क्षेत्र भित्र रहेका कृषकहरुलाई सहकारी मार्फत व्यवसायिक बनाई उनीहरुलाई आर्थिक तथा सामाजिक रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

**(ग) पर्यटन तथा संस्कृती**

32= अध्ययन तथा रोजगारीको लागि विदेशीने र घर जग्गा समेत बेचेर विदेशमा नै स्थायी बसोवास गर्ने प्रवृतिले अवको केही दशकमा सीप, क्षमता र श्रम गर्न सक्ने जनशक्ति पलायन हुने र हाम्रो देश बाल गृह र ज्येष्ठ नागरिकको आश्रय स्थलको रुपमा परिणत हुन सक्ने भयावह अवस्थालाई मध्येनजर गरी विदेशमा गएका हाम्रा दाजुभाई दिदि वहिनीहरुलाई पर्यटक सहित नेपाल फिर्ताको महाअभियान संचालन गर्न राष्ट्र चुकेको अवस्थामा हामी हाम्रो पहलबाट **I Love My Country** महाअभियान संचालनको नीति लिएका छौं । विदेश जानु पूर्व स्थानीय तहबाट उपलब्ध गराउनु पर्ने हरेक प्रकारका डकुमेन्ट संगै निजहरुको पूर्ण विवरण पालिकामा राख्ने, निजहरुलाई **म मेरो देशलाई माया गर्छु, म मेरो देशको लागि केही गर्नेछु र ज्ञान, सीप, क्षमता र पर्यटक सहित म छिट्टै मेरो जन्मस्थान फर्कनेछु** भन्ने प्रतिवद्धता गराउने, प्रतिवद्धता पालनाको लागि ईमेल मार्फत हरेक बर्ष स्मरण गराउने र निजहरु मार्फत कम्तीमा दुई (२) जना विदेशी पर्यटकलाई नेपाल घुम्नको लागि प्रोत्साहन गर्ने गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ । यस संगै पर्यटन व्यवसायबाट देशले नै ठुलो आर्थिक लाभ लिन सक्नेछ ।

33= सुन्दर बागलुङ बजारलाई थप आर्कषक बनाउन, फरक र भिन्न पहिचान मार्फत व्युटिफिकेशन कायम राख्न बजार क्षेत्र भित्र रहेका टोलहरुमा नागरिक साझेदारीमा **एक घर एक फुल गमला** कार्यक्रम, विद्युत र टेलिफोन पोलमा विभिन्न सोलोगान पेन्टीङ जस्ता कार्यक्रम अगाडि बढाईनेछ । मालढुङ्गा पुल देखि बाङ्गेचौर खेल मैदान सम्मको सडकको दाँया बाँया क्षेत्रमा फुल तथा विरुवा रोप्ने कार्य, बाङ्गेचौर भिरमा लहरे फुल र भित्तामा आर्कषक कलाकृति पेन्टीङ्ग गर्ने कार्यको लागि साझेदारहरुको खोजि र परिचालन गरिनेछ ।

34= धार्मिक पर्यटनको अतिरिक्त विश्व पर्यटकको ध्यान केन्द्रीत गरेको मुक्तिनाथ क्षेत्र लगायत मुस्ताङ, म्याग्दी जिल्लाका पर्यटकीय गन्तव्यमा, पर्वतको कुश्मामा रहेका पर्यटकीय गन्तव्य र ढोरपाटन क्षेत्रको लागि आउने पर्यटकहरुलाई कालिका मन्दीरको अतिरिक्त बागलुङ नगरपालिकाका अन्य धार्मिक एवं पर्यटकीय क्षेत्रमा जाने वातावरणको सृजना गर्नको लागि **"बागलुङ घुम्न जाऔ"** अभियान संचालन गरिनेछ ।

35= प्रशिद्ध बागलुङ कालिका, भैरवस्थान लगायत १० वटा धार्मिक पर्यटकीय क्षेत्रको क्यू आर कोड मार्फत विश्वका १० वटा भाषाबाट जानकारी लिने गरी थालनी गरिएको क्यू आर बोर्ड कार्यक्रमलाई क्रमशः अन्य बाँकी पर्यटकीय क्षेत्रहरुमा समेत विस्तार गर्ने र बागलुङ नगरक्षेत्रका होटल र अन्य सरकारी सार्वजनिक क्षेत्रमा समेत उक्त वोर्ड राख्ने व्यवस्था मिलाईनेछ ।

36= नगरक्षेत्रका मुख्य पर्यटकीय क्षेत्रमा जाने पर्यटकहरुको सहजताको लागि मुख्य चोकहरुमा पर्यटक पथप्रदर्शक चिन्ह राखिनेछ । यसै गरी बागलुङ बजारका सडकको पहिचानको लागि Street Number कार्यक्रमको शुरुवात गरिनेछ ।

37= वर्षेनी पिकनिकको लागि ठूलो संख्यामा बागलुङबाट बाहिर जाने परिपाटीको अन्त्य गर्न तथा आन्तरिक पर्यटनको प्रवर्धन गर्नको लागि बागलुङ नगरपालिका वडा नं. ३ स्थित कैलाम पोखरीमा निर्माणाधिन सह-लगानी लिफ्टीङ खानेपानी आयोजनाको संरचना निर्माणसंगै सो क्षेत्रमा वनवाटिका, पार्क र पिकनिक स्पोर्ट सहित पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । वडा नं. ३ स्थित कदमबोट फन पार्क निर्माण र वडा नं. ९ ब्लु हिल पर्यटकीय पार्क निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

38= बा.न.पा. वडा नं. १० भकुण्डेमा संचालनमा रहेका होमस्टेहरुको क्षमता र गुणस्तर वृद्धी गरी नमुना होमस्टेको रुपमा विकास गरिनेछ । बागलुङ नगरपालिका क्षेत्रका अन्य स्थानहरुमा होमस्टे संचालनको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

39= वाहिरबाट आयातित मदिरालाई बन्द गर्न नसक्नु र स्थानीय उत्पादनलाई कानुनी दायरा दिन नसक्दा संचित रकम वाहिर गएको र स्थानीय घरेलु व्यवसाय धरापमा परेको परिप्रेक्षमा स्थानीय स्तरमा परम्परागत प्रविधिबाट उत्पादन गरिदै आएको मदिरालाई स्वास्थ्य मापदण्ड पुरा गरी गुणस्तरीय उत्पादन, व्राण्डिङ्ग र वजारीकरण गर्न प्रदेश सरकारको सहयोगमा आवश्यक नीति लिईनेछ ।

40= वलेवा विमानस्थललाई विभिन्न विकल्प सहित संचालन तथा उपयोगमा ल्याउनको लागि अध्ययन गरिनेछ । पैयुपाटाको पहरे क्षेत्र लगायत संभावित अन्य क्षेत्रलाई साहसिक उडान क्षेत्रको रुपमा संचालन गर्ने तर्फ

पहल गरिनेछ । बा.न.पा. १ स्थित रानी वन लगायतका स्थानमा शाहसिक पर्यटकिय पूर्वाधार निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

41= बागलुङ नगरपालिका क्षेत्रमा पौराणिक कालदेखि चलिआएको भजन किर्तन, हनुमान नाच, लाखे नाच, धिमे बाजा, झाम्रे, सोरठी नाच, रोपाई नाच, जोगी नाच लगायतका परम्परागत नाच, साहित्य, संङ्गीत, संस्कृति र सम्पदाहरुको संरक्षण र संवर्द्धन गरिनेछ । बागलुङको साँस्कृतिक पहिचानलाई विश्वसामु पुऱ्याउनको लागि हनुमान नाचलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्नको लागि पहल गरिने छ ।

42= निजि क्षेत्रको सहकार्यमा नगर क्षेत्रभित्र ठूला उद्योग, कलकारखाना, पर्यटन, कृषि उद्योग तथा ठूला पूर्वाधार निर्माण लगायतका नगरको समृद्धी र विकासका लागि लगानी जुटाउन विज्ञहरुको सुझावको आधारमा लगानीका क्षेत्रको पहिचान गरी **बागलुङ लगानी सम्मेलन** आयोजना गरिनेछ ।

43= बागलुङ नगर क्षेत्र भित्रका सम्पूर्ण माध्यामिक विद्यालयहरुमा पर्यटन क्लव गठन गरी पर्यटकीय क्षेत्रको बारेमा व्यापक प्रचार प्रशार गरिनेछ ।

44= बागलुङ नगरक्षेत्र भित्र रहेका पुराना तथा ऐतिहाँसीक महत्व बोकेका पुराना कोटघरहरुको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

45= नगरक्षेत्र भित्र रहेको सार्वजनिक जग्गाको लगत संकलन गरी सार्वजनिक जग्गा संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

### श्रम, रोजगार तथा उद्यम विकास

46= वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गर्न श्रम तथा रोजगार शाखा स्थापना गरी थप पहल गरिनेछ । बागलुङ नगरपालिकाको नेतृत्वमा जिल्लाका अन्य पालिकासंग समन्वय गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । कामका लागि विदेश जाने युवा युवतीलाई विशेष सीप तालिम प्रदान गर्नका लागि प्रदेश र संघीय सरकार संग समन्वय गरिनेछ ।

47= विदेशमा समस्यामा परेका व्यक्तिको उद्धार तथा राहतको कार्यमा सहजता ल्याउनको लागि वैदेशिक रोजगारीमा गएका वा जान लागेका व्यक्तिहरुको भरपर्दो सुचना एवं कागजपत्रहरु घर परिवारलाई समेत थाह हुने गरी व्यवस्थित गर्न प्रोत्साहन गरिनेछ । यसका लागि सामाजिक परिचालनका थप क्रियाकलापहरु सञ्चालनको व्यवस्था मिलाईनेछ ।

48= बैदेशीक रोजगारीमा समस्यामा परेका व्यक्ति तथा परिवारका सदस्यहरुमा देखा पर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा ब्यवस्थापनको लागि व्यक्तिगत तथा सामूहिक मनोपरामर्श सेवाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसैगरी विद्यालय तहबाट नै मानसिक स्वास्थ्य सचेतनाका क्रियाकलापहरु सञ्चालन गर्न सुरु गरिनेछ ।

49= वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याईनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरी पुनः एकीकरणका कार्यक्रम संचालन गरिनेछ । साथै वैदेशिक रोजगार बाट फर्किएका व्यक्तिहरुको निःशुल्क सीप परीक्षणको व्यवस्था गरिनेछ ।

50= स्थानीय तहबाट शुरु गरिएको श्रम स्वीकृतीको प्रक्रियालाई अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाईनेछ ।

51= स्वदेशमा उद्यम तथा स्वरोजगार गर्न चाहने युवायुवतीहरुले समुह वा सहकारीमा आवद्ध भई उद्यम गर्न चाहेमा त्यस्ता समुह वा सहकारी एवम् अति विपन्न नागरिक तथा लक्षित समुदायका व्यक्तिहरुलाई परियोजना प्रस्तावको आधारमा सीप तथा तालिम, विउपुंजि, प्रविधि, सहुलियतपूर्ण कर्जा र बजारीकरणमा सहयोग गरी उद्यमी सिर्जना गर्ने कार्यक्रम संचालन गरिनेछ ।

52= वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । वित्तिय साक्षरता सम्बन्धी ज्ञान वृद्धि तथा सचेतनाको एकीकृत कार्यक्रम सञ्चालनको लागि वित्तिय साक्षरता रणनीतिक योजना तयार गरिनेछ । बैंक तथा वित्तिय संस्थाहरु मार्फत सञ्चालन हुने वित्तिय साक्षरता कार्यक्रमलाई नगरपालिकाको समन्वयमा एकद्धार प्रणाली मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

53= सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

54= बागलुङ नगर क्षेत्रमा जन्मेर स्वेदश तथा विदेशबाट व्यवसाय, उद्यम, ज्ञान, सीप र अनुभव हासिल गरेका नगरवासीहरुलाई आफुले सिकेका ज्ञान, सीप, क्षमता स्थानीय समुदायमा हस्तान्तरण गर्न र बागलुङ नगर

क्षेत्रमा लगानी गर्नको लागि **आफु जन्मेको माटोलाई माया गरौ** अभियान संचालन गरिनेछ । यसरी बाहिरबाट नगरपालिका क्षेत्रभित्र लगानी गरी उद्योग व्यवसाय गर्ने व्यक्तिलाई आवश्यक कानुन निर्माण गरी छुट, सहुलियत, सहजिकरण जस्ता व्यवस्था मिलाईनेछ ।

55= नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको सीप, अनुभव र व्यक्तिगत विवरण समेतको अभिलेख रहने गरी नगरपालिकामा **श्रम बैङ्क** स्थापना गरिनेछ । यस्तो श्रम बैङ्कमा आवद्ध श्रमिकहरुलाई नगर क्षेत्रभित्र हुने विकास निर्माण, सडक मर्मत, नाली सरसफाई, विपद व्यवस्थापन, फोहोर व्यवस्थापन लगायतका क्षेत्रमा श्रम, रोजगार तथा उद्यम विकास शाखासंग आवद्ध गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।

56= आन्तरिक रोजगारी वृद्धिका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

57= नगरक्षेत्र भित्र सम्भावना रहेका तामाखानी लगायत अन्य खानीहरुको खोजी गर्न पहल गरिनेछ ।

58= महिला तथा युवाद्धारा संचालित उद्यम तथा व्यवसायको सक्षमीकरण तथा सम्भावना बोकेका उद्यमहरुको स्तरउन्नतीका लागि प्रदेश सरकार संग समन्वय गरी बृद्धिमुखी, उद्यमशिलता र रोजगारी प्रवर्धन (GEEP) कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा

59= सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर समान रुपमा अघि बढाउन पछाडि परेका विद्यालयहरुलाई शैक्षिक पूर्वाधार, नविनतम् शैक्षिक सामग्री, सूचना प्रविधि र तालिममा सहयोग गर्ने गरी नगरक्षेत्र भित्रका शैक्षिक संस्थालाई नमुना शैक्षिक संस्थाको रुपमा विकास गर्न, नैतिक शिक्षा तथा परियति शिक्षा लागु गर्न, शैक्षिक सुधारको लागि सेवा आयोगको परिक्षामा बैकल्पीक सुचीमा परेका वा रोष्टर सुचीको लागि परिक्षा उर्तिण गरेको विषय शिक्षकको रोष्टर तयार गर्न, विद्यालयमा प्र.अ. नियुक्ति र प्रशासनिक नेतृत्वमा देखिएको समस्याको स्थायी समाधानको लागि खुल्ला प्रतिश्पर्धाबाट प्र.अ. छनौट गर्न, शिक्षण पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा स्थापित गर्न र अन्तर विद्यालय सरुवाको लागि कार्यविधि सहित कार्यक्रम संचालन गरिनेछ । साथै विद्यालय प्रति अभिभावकको चासो र खवरदारीलाई बढाउनको लागि **अभिभावक संग नगरप्रमुख** कार्यक्रम शुरु गरिनेछ ।

60= प्रदेश सरकारसंगको सहकार्यमा यस नगरपालिकाका विद्यालयहरुमा आवश्यकता अनुसार आवासीय सुविधा सहितका **ठूला विद्यालय, लिड विद्यालय, आवासीय विद्यालय** (Big School, Lead School, Residential School) सञ्चालन गर्नका लागि पहल गरिनेछ । नगर क्षेत्रभित्रका उपयुक्त विद्यालयहरुलाई नमुना विद्यालय र आवासीय विद्यालयको रुपमा विकास गर्न तथा ICT को प्रयोगबाट पठनपाठन गर्ने विद्यालय स्थापनमा जोड दिईनेछ ।

61= विद्यालय स्थगन तथा तह मिलान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

62= वालवालिकालाई सामाजिकरण गराउन तथा सिकाईको शुरुवात गर्नको लागि हाल संचालनमा रहेका बालविकास केन्द्र देखी प्रारम्भीक वाल सिकाई कक्षाको रुपमा परिचित कक्षा ३ सम्मको सिकाई उपलब्धीमुलक बनाउनको लागि कक्षा कोठाको व्यवस्थापन, वालविकास सहजकर्ता तथा कर्मचारीहरुलाई तालिम तथा वालवालिकाहरुको लागि विशेष प्रकारका ज्ञानवर्द्धक सामाग्री वितरण गरिनेछ ।

63= नगरक्षेत्र भित्र रहेका सबै विद्यालयहरुमा क्रमशः वालमैत्री (सिंगल) डेस्क बेञ्चको व्यवस्थालाई निरन्तरता दिइनेछ । आविश्कार, खोज तथा नवप्रवर्तन र अध्ययन गर्ने बानीलाई प्रोत्साहन गर्न नगर क्षेत्रमा रहेका पुस्तकालयहरुको स्तरोन्नती गरिनुका साथै सिकाईको लागि प्रविधि र डिजिटल पुस्तकालय तथा बाल पुस्तकालय स्थापना गर्न सहयोग गर्ने नीति लिईनेछ ।

64= गुरुकुल, गुम्वा, विहार, मदरसा, खुल्ला एवम् वैकल्पिक शिक्षा कार्यक्रम संचालनका लागि प्रदेश सरकार र संघीय सरकारसंग समन्वय गरिनेछ । नगरभित्रका सामुदायिक धार्मिक विद्यालयहरुको संस्थागत विकास र स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ ।

65= विज्ञ समुह मार्फत कक्षा अवलोकन, उपलब्धी मापन, उत्कृष्ट विद्यालय र शिक्षक छनौट सम्वन्धी नीति अघि बढाईनेछ ।

66= विद्यालयहरुको असल अभ्यास आदानप्रदान गर्ने व्यवस्था मिलाईनेछ । सामुदायिक र संस्थागत विद्यालयका सफल सिकाई विधिको पारस्परिक स्थानान्तरण गर्न घुम्ती शिक्षक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

67= विद्यालयको दिवा खाजा बृद्रि गरिनेछ । नियमित अनुगमन र सुधारको लागि वडा शिक्षा समितिलाई क्रियाशिल गराइनेछ ।

68= वालमैत्री स्थानीय शासन कार्यक्रमलाई अझै प्रभावकारी बनाई निरन्तरता दिइने छ । जसका लागि बालविकास कक्षाहरुमा बालमैत्री सिकाई सामग्रीहरुको व्यवस्थापन गरिनेछ। सबै विद्यालयमा गठन गरिएका वाल क्लबहरु संचालनको व्यवस्था मिलाईनेछ।

69= धौलागिरी वहुमुखी क्याम्पसलाई प्राज्ञीक तथा अनुसन्धानमुलक शैक्षिक केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ । सोही क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको ज्ञान, सीपको आदान प्रदान गर्न तथा स्थानीय रोजगारीको अवसर सृजना गर्नको लागि अध्ययनको विषय र क्षेत्र अनुसार नगरपालिकाको विभिन्न विषयगत शाखा तथा विद्यालयहरुमा **Paid Internship** को कार्यक्रम संचालन गरिनेछ । साथै नगर प्रमुखसंग ज्ञान सीप धारणा आदान प्रदान गर्नको लागि **Idea Cxchange With Mayor** कार्यक्रम संचालन गरिनेछ ।

70= एस.ई.ई. र दश जोडा दुईको परिक्षा दिई रिजेल्टको पखाईमा बसेका विद्यार्थीहरुको खाली समयमा गलतबाटो लाग्नबाट जोगाउन र हासिल गरेको ज्ञानलाई साटसाट गर्नको लागि **Volunteer Teacher** कार्यक्रम संचालनको लागि पहल गरिनेछ।

71= नगरक्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक शुल्क लगायत पढाई खर्च आफै व्यवस्थापन गर्न सक्ने वातावरण सृजना गर्नको लागि कृषि तथा पशुपंक्षिको क्षेत्रमा काम गर्ने गरी **"पढ्दै कमाउदै कमाउदै सिक्दै"** कार्यक्रमको सुरुवात गरिनेछ ।

72= गर्भवती महिला शिक्षक विदामा रहदा सट्टा शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

73= जेहेन्दार, गरिव, विपन्न, दलित तथा अल्पसंख्यक समुदायका विद्यार्थीहरुको लागि नीजि विद्यालयसंग समन्वय गरी विद्यालयमा रहेको कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत विद्यार्थीलाई अनिवार्य रुपमा निःशुल्क पढाउने गरी व्यवस्था मिलाईनेछ।

74= विद्यार्थीहरुमा अतिरिक्त ज्ञान हाँसील गर्न, विद्यार्थीहरुको क्षमतालाई थप उजागर गर्न, अन्तरनिहित विशिष्ट प्रतिभाको प्रस्फुटन गर्न विना पुस्तक सहितको विद्यालय **Friday for future** कार्यक्रम संचलन गरिनेछ ।

75= विद्यालयको भर्नादर र टिकाउ दरमा वृद्धि गर्न र **ECD** देखी ५ कक्षामा दिवा खाजामा प्रति विद्यार्थी रु ५ थप गरिनेछ। विद्यालयको समग्र स्तर निर्धारण गर्न स्तरिकरण फारम भरी **क, ख, ग** र **घ** वर्गमा विभाजन गरिनेछ । स्थगन भएका विद्यालयका विद्यार्थीहरुलाई प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।

76= राम्रा अभ्यास गरेका विद्यालयका शिक्षण अनुभव आदान प्रदान गर्नका लागि आन्तरिक तथा अन्तर पालिका भ्रमण गराईनेछ। शिक्षण शिकाई प्रभावकारी वनाउन सहपाठी मूल्याङ्कन प्रणाली लागु गरिनेछ।

77= शिक्षणलाई प्रभावकारी बनाउन शैक्षिक सामाग्री निर्माणमा आर्थिक सहायता प्रदान गरिनेछ।

78= उत्कृष्ट विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्र.अ. तथा शिक्षकको पहिचान प्रोत्साहन तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

79= स्नातक तहको अध्ययन सकेर स्नाकोत्तर तह पढनको लागि आर्थिक अभावको कारण विद्यालय भर्ना हुन नसकेका र विदेश जान चाहना गरेको न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरुलाई धौलागिरी बहुमुखी क्याम्पसमा स्नाकोत्तर तहको अध्ययनको लागि निश्चीत समय बागलुङ नगरपालिकामा Volunteer सेवा गर्ने गरी छात्रवृती प्रदान गरिनेछ।

**स्वास्थ्य**

80= लागु औषध दुर्व्यसनी तथा कुलतमा फसेका व्यक्तिहरुको पहिचान गर्नको लागि जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालयसंग समन्वय गरी **दुर्व्यसनीको पहिचान, अमुल्य छ हाम्रो जीवन** कार्यक्रम संचालन गरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य परिक्षण मार्फत लागुऔषध प्रयोग गरे नगरेका पहिचान गरी परामर्श, सुधार एवं पुनर्स्थापनाका कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

81= आयुर्वेद सेवालाई प्रभावकारी वनाउन भौतिक पूर्वाधारको विकास र आयुर्वेद स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

82= नगरअस्पताल तथा स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने विरामीहरुको शुरु देखिको सम्पूर्ण सेवा सम्वन्धी अभिलेखलाई प्रविधिमैत्री बनाउदै **Electronic Health Record System** लाई थप प्रभावकारी बनाइने छ ।

83= गर्भवती महिला र हुर्कदै गरेको शिशुको स्वास्थ्यलाई ध्यानमा राखी **स्वस्थ्य वच्चा जन्मन पाउने अधिकार, गर्भवती प्रतिको सकरात्मक व्यवहार** भन्ने नाराका साथ जनप्रतिनिधि र स्वास्थ्यकर्मी सहितको भेटघाट कार्यक्रम संचालन गरिनेछ । साझेदार निकायसंगको सहकार्यमा **"स्वास्थ्य प्रतिको सचेतना, गर्भवती महिलालाई पोषण युक्त खाना"** कार्यक्रम गर्न पहल गरिनेछ ।

84= गर्भवती महिलाहरुलाई गाउ घरमै पुगरे ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम तथा अन्य दिदि बहिनीहरुका लागि प्रजनन रुग्णता सेवा १४ वटै वडामा सञ्चालन गरिनेछ ।

85= **शुन्य होम डेलिभरी** भन्ने नारालाई सार्थक बनाउनका लागी **स्वस्थ रहन्छीन नारी, स्वास्थ्य संस्थामा डेलिभरी** कार्यक्रमलाई निरन्तरता दिइने छ । जसको लागि सवै वर्थिङ सेन्टरहरुलाइ सुविधा सम्पन्न बनाइनेछ । गर्भवति तथा सुत्केरी आमा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । गर्भवती महिलाका लागि नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

86= ज्येष्ठ नागरिकहरुमा हुने स्वास्थ्य समस्यालाई समयमै पहिचान गरी आवश्यक परामर्श दिनको लागि संचालनमा आएको नगर प्रमुख ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम लाई निरन्तरता दिईनेछ । ज्येष्ठ नागरिकहरुको समस्या समाधनको लागि विभिन्न संघ सस्थाहरु संग समन्वय गरी **दन्त तथा आखा परिक्षण कार्यक्रम** संञ्चालन गरिनेछ ।

87= प्रदेश सरकार संग सहकार्य गरी मिड वाइफरी शैक्षिक कार्यक्रम धौलागिरी अस्पतालमा लागु गर्न पहल गरिने छ । साथै शिक्षण अस्पतालको रुपमा विकाश गर्न पहल गरिने छ ।

88= स्वास्थ्य विमा कार्यक्रमको प्रभावकारितालाई मध्येनजर गरी स्वास्थ्य विमा कार्यक्रमको दायरा वृद्धि गरी **नगर प्रमुख स्वास्थ्य विमा कार्यक्रम** लाई थप प्रभावकारीकाताका साथ अगाडि बढाईनेछ ।

89= बागलुङ नगरपालिकालाई पोषणमैत्री नगर घोषणा गर्नको लागि आवश्यक शर्त पुरा गरिनेछ । साथै पुर्णखोपको दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

90= गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई थप ब्यबस्थित गरी संचालनको ब्यबस्था मिलाइनेछ । साथै उक्त सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहानका कार्यक्रम ल्याईनेछ ।

91= नगर क्षेत्र भित्रका सबै स्वास्थ्य चौकीहरुमा क्रमश वर्थिङ्ग सेन्टर, फार्मेसी र प्रयोगशाला स्थापना गर्दै गरिनेछ ।

92= स्वास्थ्य सेवाको पहुँच कमि भएका वस्ती तथा नागरिकहरुलाई लक्षित गरी बृहत स्वास्थ्य सिविर संचालन गरिनेछ ।

93= महामारीजन्यरोगको ब्यबस्थापनका लागि रोग सर्भिलेन्स गर्ने तथा रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

94= महिला स्वास्थ्य स्वयमसेविकाको प्रोत्साहनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । प्राथमिक उपचार सामाग्रि वितरण गरिनेछ ।

95= वडा स्तरमा कार्यरत स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराईने सेवालाई गुणस्तरिय बनाउन, धेरै भन्दा धेरै नागरिकलाई सेवा प्रवाह गर्न, प्रशासनिक खर्चलाई मितव्ययी बनाउन, स्वास्थ्य सेवाले दिने सेवा र नगरवासीले सेवा प्राप्त गर्न लाग्ने दुरी समेतको अध्ययन गरी स्वास्थ्य संस्था पुर्नसंरचनाको प्रकृया अगाडि बढाईनेछ ।

96= मानसिक स्वास्थ्य सचेतना तथा परामर्श सेवा संचालन गरिनेछ ।

97= आकश्मीक रुपमा हुने दुर्घटनाका विरामीहरुलाई स्वास्थ्य संस्थामा पुऱ्याउनको लागि यातायातको असुविधा भएका स्थानहरुलाई लक्षित गरी महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्थापनमा स्ट्रेचर वितरण गरिनेछ ।

98= सरकारी विधालयमा प्रथामिक उपचार सामग्रीको ब्यबस्था गरिनेछ ।

99= विद्यालय नर्सको संख्या थप गरी मातृ विद्यालयका अतिरिक्त अन्य विद्यालयहरुमा समेत सेवा प्रदान गर्ने गरी विद्यालय नर्स कार्यक्रमलाई थप प्रभावकारी कार्यान्वयन गरिनेछ । यसरी सेवा प्रदान गर्ने विद्यालय नर्सहरुलाई प्रोत्साहनका कार्यक्रम ल्याईनेछ ।

100= विद्यालय नर्स कार्यक्रमलाई विस्तार गरिदैं लगिनेछ ।

101= संघ र प्रदेश सरकारको साझेदारिमा स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ।

102= शहरी क्षेत्रमा नागरिकाका लागी एकीकृत स्वास्थ्य सेवा प्रदान गरी नागरिकको स्वास्थ्य जिवन शैलिमा सुधार ल्याउनका लागि स्वास्थ्य प्रर्वद्धन केन्द्र मार्फत प्रवर्धनात्मक कार्यक्रम संचालनमा ल्याईनेछ।

103= किशोर किशोरी मैत्रि स्वास्थ्य संस्था घोषणा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

104= अपाङगता भएका नागरिकहरुलाई सहायता सामाग्रि वितरणको कार्यक्रमलाई निरन्तरता दिइने छ।

105= वाहय खोप क्लिनिक केन्द्रहरु तथा गाउघर क्लिनिक केन्द्रहरुको सुद्रिढिकरण गरिनेछ।

106= सवै स्वास्थ्य सस्थाहरुमा नेपाल सरकारबाट तोकीएका निशुल्क वितरण हुने औषधीहरुको अभावहुन नदिन आवश्यक प्रवन्ध मिलाइने छ।

107= आयुर्वेद सेवाको विस्तार गरिनेछ। स्थानीय स्तरमा पाइने जडिबुटिको प्रवर्द्धन तथा संरक्षणका लागि कार्यक्रम संचालन गरिनेछ।

108= **मेरो स्वास्थ्य, मेरो जिम्मेवारी** को अवधारणा अनुरुप नागरिकलाई स्वथ्य जीवनशैली तर्फ अभिप्रेरित गर्न योग तथा ध्यानको प्रवर्धन गरिनेछ।

## युवा तथा खेलकुद

109= **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नारालाई आत्मसात गर्दै विद्यालय तहबाटै विभिन्न विधाको खेलकुदको अभ्यास र व्यवसायिक खेलाडीहरुको उत्पादन गर्नको लागि वडा स्तरिय र नगरस्तरिय खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ।

110= प्रत्येक वडामा **एक वडा एक खेल मैदान** निर्माणका लागि आवश्यक पहल गरिनेछ।

111= नगरवासीलाई शारिरिक र मानसीक रुपमा स्वस्थ बनाउनको लागि नगरका उपयुक्त स्थानहरुमा खुल्ला व्यायाम शालाको स्थापनामा आवश्यक सहयोग गरिनेछ।

112= बागलुङ नगरको खेल क्षेत्रको गौरवको रुपमा रहेको खुला नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ।

113= ओलम्पीक खेलको २७ औ संस्करणमा नेपालको तर्फबाट सहभागी हुनु हुने बागलुङ नगरपालिका वडा नं. ३ निवासी श्री भगवती खत्रीलाई मासीक रु ५,०००।- का दरले प्रोत्साहन दिने कार्यलाई निरन्तरता दिईनेछ।

114= नगर क्षेत्रभित्रका खेलाडीहरुलाई प्रदेश तथा राष्ट्रिय स्तरमा भाग लिन प्रोत्साहन गरिने छ। उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कृत गरिने छ। खेलाडीहरुको मनोवल उच्च राख्न तथा जोखीम र दुर्घटनाको अवस्थामा राहत महसुस गराउनको लागि यस नगरको प्रतिनिधित्व गरी अन्तराष्ट्रिय जगतमा प्रतिनिधित्व गर्ने खेलाडीहरुको दुर्घटना विमा कार्यक्रमको शुरुवात गरिने छ। साथै विशिष्ट पहिचान बनाएका खेलाडीहरुलाई सहयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ।

115= यस वर्ष देखी Mayor Cup Football कार्यक्रमको शुरुवात गरिनेछ।

## पुर्वाधार विकास

116= **नियमित मर्मत सम्भारः दिगो सडकको आधार** को मर्म अनुसार प्रत्येक वार्डमा मर्मत संभार कोषको व्यवस्था गरिनेछ। सडकमा पर्ने सामान्य खाल्टा खुल्टी समयमै मर्मत नगर्दा सडक नै पूर्ण रुपमा विग्रन गै पुर्ननिर्माणको लागि ठूलो रकम खर्च हुने, सडक कुरुप हुने, सवारी साधन तथा यात्रुलाई असहज हुने समस्याको अन्त्यको लागि तत्काललाई सडक मर्मत बल (Road Maintinance Force) को व्यवस्था गरी कार्य थालनी गरिनेछ भने दिर्घकालिन रुपमा समस्या समाधानको लागि **"पूर्वाधार एम्वुलेन्स"**को व्यवस्था गर्न साझेदारहरुको खोजि गरिनेछ। छतबाट पिच सडकमा सोझै पानि खसाल्ने परिपाटीलाई निरुत्साहित गरिनेछ।

117= आफ्नै कार्यालय भवन नभएका सवै वडाहरुको कार्यालय भवन क्रमशः निर्माण गर्दै लगिनेछ।

118= सबै वडाहरुको सन्तुलित विकास हुनेगरी **एक वडा एक नमुना पुर्वाधार** विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

119= निरयघाटमा निर्माणाधीन **मानवसेवा आश्रमको** भवन निर्माणलाई पूर्णता दिई संचालनमा ल्याईनेछ। भने दाह संस्कार स्थललाई व्यवस्थीत गरि लगिनेछ।

120= सरोकारवाला पालिकाहरुसंगको सहकार्यमा कालीगण्डकी नदीको निरयघाट देखि काठेखोला दोभानसम्मको क्षेत्रमा धार्मिक पुर्वाधार निर्माण गुरु योजना तयार गरी दर्शनीय स्थलको रुपमा विकास गर्ने गरी अध्ययन गरिनेछ ।

121= संघ र प्रदेश सरकार संगको साझेदारी र सहयोगमा नगरका सबै वडा केन्द्रसम्म क्रमशः पक्की सडक निर्माण गरिनेछ । मुलपानी-ढिकीचौर-तितौरे-मालिका-कुँडेले सडकलाई भित्री चक्रपथ र मालढुङ्गा, नारायणस्थान, पैयुपाटा, अमलाचौर, रायडाडा, तित्याङ, सिगाना र खहरेलाई वाह्य चक्रपथको रुपमा विकास गरिनेछ । पर्यटन प्रवर्धनका लागि भैरवस्थान, मुलावारी, भकुण्डे, रायडाडा, वौडेचौर, ब्लुहिल, गाजादह, पंचकोट, कारिकोट, रायरायकोट लगायतको क्षेत्रमा साईकल मार्गको निर्माण गर्न पहल गरिनेछ ।

122= NUGIP द्धारा शुभारम्भ भएको मुल्पानी मा.वि. देखि काभ्रे हर्राचौर हुँदै कालिमाटी तितौरे काँठेखोला सिमाना सम्मको सडक, खनियावास देखि निरय सम्मको सडक, उपल्लाचौर देखि ढोडेनी सम्मको सडकको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

123= हाल निर्माणाधिन अवस्थामा रहेका नगर तथा वडाका महत्वपूर्ण सड्कहरुलाई समयमै सम्पन्न गर्न तथा स्तरोन्नतीको बाँकी कार्य गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

124= बजार क्षेत्रमा रहेका खुल्ला विद्युत तारलाई भुमिगत गर्नको लागि आवश्यक पहल गरिनेछ ।

125= हरेक बर्षायामको समयमा भिरालो भू-भागबाट बग्दै आएको भल पानिका कारण बागलुङ बजार क्षेत्र जलमग्न हुने, कतिपय घरहरु डुवानमा पर्ने, सडक विग्रने र सवारी तथा यात्रु आवागमनमा अवरोध हुने समस्या बर्षौ देखी निरन्तर भैरहेको हुँदा उक्त समस्याको स्थायी समाधान र बजार क्षेत्रको दिशाजन्य लेदो व्यवस्थापनको लागि निरन्तरको पहलका बावजुत खानेपानी तथा ढल व्यवस्थापन विभागको सहयोगमा डिपिआको प्रकृया अगाडि बढी सकेको र निकट भविश्यमा **बागलुङ बजारको भलपानी व्यवस्थापन**को कार्य तिब्र रुपमा अगाडि बढ्ने गरी कार्य अगाडि बढाईनेछ ।

126= बा.न.पा. वडा नं. १३ स्थित औधोगिकग्राम क्षेत्रमा कालिगण्डकी नदिले पुऱ्याएको क्षति रोक्न प्राथमिकताका साथ कार्य अगाडि बढाईनेछ ।

127= कालीगण्डकी करीडोर र बागलुङ-कुश्मिसेरा सडक खण्डमा पर्ने **एक्लेसाल** र **दब्ल्याङको** पहिरोको समस्या स्थायी रुपमा समाधान गर्ने गरी कार्य शुरु गरिनेछ । बा.न.पा. वडा नं. ११ को रामतोला र बा.न.पा. वडा नं. ३ को कैलाम पोखरी र बोक्से पैह्रो, वडा नं. ८ को भलायवोट पैह्रोको समस्या समाधान गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

128= आपतकालिन कार्यसञ्चालन केन्द्रको सेवालाई केन्द्र थप प्रभावकारी बनाइनेछ ।

129= बागलुङ बजारलाई पश्चिम क्षेत्रसंग जोड्ने मुख्य नाकाको रुपमा रहेको देउराली चोक बोक्से खहरे सडकको पैह्रो तथा सडक व्यवस्थापनको कार्यलाई संघ सरकारको सहयोगमा अगाडि बढाईनेछ ।

130= बागलुङ बजार क्षेत्रको सुरक्षाको लागि उद्योग वाणिज्य संघ बागलुङ संगको सहकार्यमा सि.सि.क्यामेरा जडान कार्य शुरु गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिइने छ ।

131= नीजि क्षेत्रसंगको सहकार्य र सरोकारवालाहरुको समन्वय तथा साझेदारीमा उपयुक्त स्थानहरु पहिचान गरी केवलकार, सपिङ कम्प्लेक्स सहितको सिटिहल तथा स्वीमिङ्ग पुल कोसेली घर, चिस्यान केन्द्र लगायतको पुर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

132= नगर क्षेत्रभित्र निर्माण हुने सबै सार्वजनिक पुर्वाधार निर्माणलाई अपाङ्ग र बालमैत्री बनाउने गरी संरचनात्मक सुधार गरिनेछ । नगर क्षेत्रभित्रका मुख्य तथा सहायक सडकहरुको क्रमश स्तरोन्नती गरिनेछ । सडक क्षेत्रमा हरियाली प्रवर्द्धन, सडक बत्ती, फुटपाथको व्यवस्था गरी सुरक्षित र आकर्षक बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

133= आवश्यक प्रकृया पुरा गरी गुरुयोजना वमोजिम बाङ्गेचौर खेल मैदानमा सुविधा सम्पन्न रंगशाला र मालिका क्षेत्रमा **जियोलोजिकल पार्**क निर्माणको लागि साझेदारको खोजि गरिनेछ ।

134= बागलुङ जिल्लाको प्रवेशद्वार **खुदुर्के पुल र बागलुङ प्रवेशद्वारमा** लाइटिङ सिस्टम जडान, पर्यटन सुचना केन्द्रको लागि डिजिटल बोर्ड, सुविधा सम्पन्न प्रहरी चौकी तथा शौचालय निर्माण गरी थप व्यवस्थित बनाइनेछ ।

135= बजार क्षेत्रको चोक सुधार तथा सडक विस्तार कार्यक्रलाई निरन्तरता दिइनेछ ।

136= बागलुङ नगरपालिका वडा नं. २ स्थित ऐतिहासिक पार्कमा भएको स्मार्ट शौचालय र कफि सप संचालनमा ल्याईनेछ ।

137= बागलुङ-बेनी सडक, मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करीडोर, देउरालीचोक बोक्से सिगाना सडक र अदालत चौतारी-तित्याङ-भकुण्डे-रायडाँडा सडकको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ। बा.न.पा. ११ देखी जैमिनी वडा नं. १ जोडने फेदी खोला मोटरेवल पुल, जैमिनी वडा नं. २ जोडने सिम्ले खोला मोटरेवल पुल, जैमिनी वडा नं. ३ जोडने पैरेनी खोला मोटरेवल पुल र वडा नं. ४ ढोडेनी क्षेत्रभित्रको कालीगण्डकी नदीमा पुल निर्माण गर्नको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

138= बागलुङ बसपार्क संचालनमा ल्याइनेछ ।

139= नगर क्षेत्रभित्र यसै वर्ष देखी नगर बस संचालन गरिनेछ ।

140= बागलुङ नगरको नगर यातायात गुरुयोजना (MTMP) तयार गरी सोहि बमोजिम कार्यान्वयनमा ल्याईनेछ ।

141= वडा नं. १४ नारायणस्थान एकिकृत वस्ती विकास योजना DPR बमोजिम कार्य अगाडि बढाईनेछ ।

142= नगरभित्र संचालन हुने सार्वजनिक सवारीलाई सुरक्षित तुल्याई दुर्घटना न्यूनीकरण गर्न सरोकारवालासंगको समन्वयमा सडक सुरक्षा नीति तथा प्रविधिको अवलम्वन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

143= खानेपानी, सरसफाई तथा स्वच्छताको लागि दिगो रुपमा श्रोतमा पानीको उपलब्धता सुनिश्चित गर्नको लागि श्रोतको संरक्षण, एकीकरण र Water Recharge पोखरी, सिंचाई पोखरी निर्माणको कार्यलाई सरोकारवालाहरुको सहभागिताको आधारमा अगाडि बढाईनेछ। हाल पुरिएर रहेका पोखरीहरुको उत्खनन् तथा संरक्षणको लागि स्थानीय समुदायहरुसंग सहकार्य गरिनेछ ।

144= संघ, प्रदेश र सरोकारवालाको सहयोग तथा समन्वयमा खानेपानी, सरसफाई तथा स्वच्छता सेवाको योजनावद्ध विकास गरी N Wash Plan कार्यान्वयनमा ल्याईनेछ ।

145= नगर क्षेत्रभित्र हाल संचालनमा रही सम्पन्न हुन बाँकी खानेपानी आयोजनाहरुलाई यथाशक्य छिटो सम्पन्न गर्न सहजिकरण गरिनेछ। साथै खानेपानीको श्रोत अभाव रहेका क्षेत्रमा लिफ्टिङ खानेपानीको व्यवस्थाको लागि सहजिकरण गरिनेछ। बोरिङको अध्ययन गरिने छ ।

146= शुद्ध खानेपानीको सेवा नपुगेका सवै वडा र वस्तीहरुमा शुद्ध खानेपानीको सुविधा पुऱ्याउन संघ, प्रदेश र अन्य सरोकारवालाहरुसंगको सहकार्यमा **"एक घर एक धारा"** कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।

147= आवश्यक स्थानमा Water ATM संचालनमा ल्याइने छ ।

148= बागलुङ नगरपालिका क्षेत्रभित्रका खानेपानीको श्रोत, खानेपानी उपभोक्ता समिति, संस्थाहरुको समन्वय, श्रोतको दर्ता, उपभोग जस्ता विषयमा आवश्यक सहजिकरण गर्नको लागि आवश्यकता अनुसारको समिति/वोर्ड गठन गरिनेछ ।

149= बागलुङ नगरपालिकाको फोहोर व्यवस्थापनलाई तत्कालिन र दिर्घकालिन योजना वनाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्नको लागि सम्भव भए सम्म सार्वजनिक नीजी साझेदारीको अवधारणा समेत अवलम्वन गरी **सुन्दर बागलुङ सफा राखौ** कार्यक्रम सहित **Zero Waste** कार्यक्रम लागु गरिनेछ। फोहर प्रतिको साझा बुझाई, श्रोतमा नै फोहरको वर्गिकरण र न्युनिकरणका विधिलाई घर परिवारसंग पुऱ्याउनको लागि विद्यार्थी तथा भु.पु.सैनिकलाई प्रयोग गरी व्यापक रुपमा प्रचार प्रशास गरिनेछ। सृजित फोहरलाई कम्पोष्ट मलमा परिणत गरी कौशी तथा करेशावारी तरकारी कार्यक्रम प्रवर्द्धन गरिनेछ भने नकुहिने फोहरलाई Reuse and Recycle गर्ने नीति लिईनेछ ।

**समन्वय र सहकार्य**

150= फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन, साझा पूर्वाधार निर्माण, सडक संजाल, कानून तर्जुमा, कर निर्धारण, भवन निर्माण मापदण्ड, स्थानीय दररेट लगायतका साझा सरोकारका विषयहरुमा गरिने निर्माणमा एकरुपता ल्याउनको लागि सीमाना जोडिएका पालिकाहरु समेतको सहभागितामा **अन्तरपालिका समन्वय संयन्त्र** निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

151= नगरक्षेत्र भित्र संचालन हुने विकास आयोजना कार्यान्वयनको गुणस्तर कायम गर्न, योजना तथा कार्यक्रममा दोहोरोपनाको जोखिम न्यूनीकरण गर्न संघ तथा प्रदेशमा रहेका मन्त्रालय तथा कार्यालय र गैर सरकारी संस्थासंग समेत नियमित समन्वय गरिनेछ ।

152= नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुले आफ्नो प्रस्तावित कार्यक्रम तथा वजेट नगरपालिकाको वार्षिक वजेटमा समावेश गराउनु पर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

153= अन्तरपालिका असल अभ्यासको आदान प्रदान, स्थानीय सरकारको संस्थागत विकास र अन्तरपालिका समन्वयलाई प्रभावकारी वनाउन **एक प्रदेश एक पालिका** र अन्तराष्ट्रिय स्तरमा भगिनी सम्वन्धलाई निरन्तरता दिइने छ ।

154= नगरक्षेत्र भित्र टोल विकास संस्थाहरु गठन तथा पुर्नगठन गरी टोल विकास संस्थाको क्षमता विकास गर्दै टोल विकास संस्था मार्फत टोल स्तरका आयोजना कार्यान्वयन, फोहोर व्यवस्थापन, सामाजिक सचेतना जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

155= उपभोक्ता हित र संरक्षणको लागि उपभोक्ता शिक्षा, सचेतना कार्यक्रम, उपभोग्य बस्तुको गुणस्तर मापन, बजार अनुगमन, अखाध्य पदार्थ र मिसावटको बारेमा बहस, पैरवी र नियमन गर्ने जस्ता कार्यलाई निरन्तरता दिईनेछ ।

## सुशासन तथा संस्थागत विकास

156= नगरपालिकाको सेवा प्रवाहलाई सरल, सहज, जवाफदेही, जनमुखी, सेवाग्राहीमैत्री वनाउन कार्यालयको भौतिक पूर्वाधार र सेवा प्रवाह प्रणालीलाई थप व्यवस्थित गरिनेछ । सेवाग्राहीको सुविधाको लागि "Help Desk" कार्यान्वयनमा ल्याईनेछ ।

157= e-governance प्रणाली अनुरुप नगरपालिकाका काम कारवाहीहरुलाई प्रविधिमैत्री बनाउदै क्रमशः **फेसलेश, पेपरलेश** कार्यक्रमलाई निरन्तरता दिइने छ ।

158= नगरपालिकाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गर्न प्रत्येक पदको कार्यविवरण सहित प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसंग, शाखा प्रमुख र वडा सचिवहरुले प्रमुख प्रशासकीय अधिकृतसंग, विद्यालयका प्र.अ. हरुले नगर शिक्षा अधिकारीसंग र शिक्षकहरुले प्र.अ. संग उपलब्धी सूचक सहित **कार्य सम्पादन सम्झौता** गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

159= नगरपालिकाको संगठन संरचनालाई समय सापेक्ष परिमार्जन गरी उपयुक्त र प्रभावकारी वनाईनुका साथै एक वडा एक प्राविधिक तथा सवै किसिमका जनशक्तिहरु वडामा पुर्‍याउने व्यवस्था मिलाइने छ ।

160= कर्मचारीहरुलाई उच्च मनोवलका साथ आफ्नो जिम्मेवारी पुरा गर्न उत्प्रेरणा र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरुको अर्न्तरघुलन लगायतका कार्यक्रम संचालन गरिनेछ । कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । कर्मचारीको सेवाको सुरक्षा र सुविधालाई समय सापेक्ष रुपमा परिमार्जन गरिनेछ ।

161= **"भष्ट्राचारमा शुन्य सहनशिलता"** को नीति अवलम्वन गरी सुशासनको प्रत्याभूती गरिनेछ ।

162= नगरपालिकाबाट सम्पादन भएका योजना तथा कार्यक्रम र सेवा प्रभाहको सम्वन्धमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, ग्राहक सन्तुष्टी सर्वेक्षण, सुझाव तथा गुनासो संकलन जस्ता **सुशासनका औजारहरुको** अधिकतम उपयोगलाइ निरन्तरता दिइनेछ ।

163= कार्यालयको सवै सुचना (डाटा) लाई छुट्टै सर्भर मार्फत एकिकृत गरिनेछ । कार्यालय समयमा सोसियल मिडिया प्रयोगे सम्वन्धमा नियमनकारी नीति लागु गरिनेछ ।

164= संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्तका कार्यक्रमहरुलाई आयआर्जन संग जोड्दै उक्त कार्यक्रममा बढीमा ५ प्रतिशत भन्दा बढी प्रशासनीक खर्च नबढ्ने गरी खर्चलाई मितव्ययी बनाईनेछ ।

165= कार्यालयको जिन्सी व्यवस्थापनलाई थप व्यवस्थित गरी सम्पूर्ण जिन्सी सामानहरु PAMS मार्फत एकिकृत गरिनेछ । बार्षिक रुपमा आवश्यक जिन्सी सामाग्रीहरु एकमुष्ठ खरिद गरी पारदर्शी व्यवस्थापन गरिनेछ । जसले गर्दा कार्यालयको जिन्सी व्यवस्थापन र खर्चको मितव्ययीता हुने कुरामा विश्वास लिएको छु ।

## आवास, भवन, वस्ती तथा शहरी विकास

166= नगरक्षेत्रमा आवास र व्यवसायीक प्रयोजनका लागि निर्माण हुने घर, भवन तथा संरचनाहरुलाई व्यवस्थीत, भुकम्प प्रतिरोधी र मापदण्ड बमोजिम निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

167= **ईलोक्ट्रोनिक विल्डिङ्ग पर्मिट सिस्टम (EBPS)** लागू गरिनेछ । यस अनलाईन प्रविधिको प्रयोग गरी नगरवासीहरुले कार्यालय उपस्थित नभई नक्सा पास ईजाजत पत्र, निर्माण सम्पन्न लगाएतका डकुमेन्ट प्राप्त गर्न सक्ने गरी कार्यको थालनी गरिनेछ ।

168= भवन निर्माण मापदण्ड कडाईका साथ लागु गरिनेछ । **भवन डिजाईन कोड** जारी गरिनेछ । नक्सा पास गर्दा अनिवार्य रुपमा रिचार्ज पिट निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ । नगरक्षेत्र भित्रका सडक मापदण्ड बस्तुनिष्ठ र बैज्ञानिक रुपमा परिमार्जन गरी लागु गरिनेछ । व्यवसायिक तथा सरकारी भवन निर्माण गर्दा अनिवार्य अण्डरग्राउण्ड पाकिङ्गको सुविधा सहितको भवन निर्माण गर्ने नीतिलाई आवश्यक कानुनी व्यवस्था मिलाई कडाईका साथ लागु गरिनेछ । त्यस्ता भवनहरु निर्माण गर्दा लाग्ने शुल्कमा २० प्रतिशत छुट दिने नीति लिइनेछ ।

169= नयाँ निर्माण, मर्मत वा प्रबलीकरण हुने भवनहरुमा उर्जा खपत कम गरी, भवनलाई उर्जा प्रभावकारी बनाउने प्रयोजन र जलवायु अनुकुल डिजाईन लाई प्रोत्साहन गर्नको लागि भवन मापदण्डमा आवश्यक सुधार वा परिमार्जन गरी नक्शापास प्रक्रियामा नियमन गर्ने व्यवस्था लागू गरिनेछ । सो कार्यका लागि नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारी, दर्तावाल डिजाइनर तथा अन्य सम्बन्धित लघु, साना तथा मध्यम व्यवसायहरुको क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । साथै सूचना प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्नुको साथै वडा तथा टोल स्तरमा भेला आयोजना गरी सचेतना अभिवृद्धि गरिनेछ ।

170= नगरपालिकाको भु-उपयोग नीति तयार गरिनेछ । **"हाम्रो आफ्नै गाउघर, सुविधा सम्पन्न शहर"** भन्ने नाराका साथ बागलुङ नगरपालिकाको वडा नं १४ को नारायणस्थान, वडा नं १२ को उपल्लो सरङ्गी र तल्लो सरङ्गी तथा वडा नं १३ को पैयुपाटाको दम्का देखि नारायणस्थानसम्मको तल्लो भागलाई समेटी शहरी विकास मापदण्ड अनुसार व्यवस्थित शहरको रुपमा विकास गरिनेछ । यस क्षेत्रमा वन्ने संरचना र घरहरुको डिजाईन आर्किटेक्ट तथा भवन पुर्वाधार एकै प्रकृतिको, नमुनायुक्त, भुकम्प प्रतिरोधी, वातानुकुलित र खुला एवं प्राकृतिक तथा प्रदेशकै नमुना गाउँ हुने गरी कार्य प्रारम्भ गरिनेछ ।

171= वागलुङ नगरका घरहरुको आयु वृद्धि र शहरी शौन्दर्य वृद्धि गर्न नगर क्षेत्रभित्र रहेका घरहरु र पछि बन्ने घरहरुको बाहिरी भागहरुमा अनिवार्य रुपमा प्लाष्टर गरी रंगरोगन गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । स्थानीय श्रोत साधनको प्रयोग गरी परम्परागत शैलीमा घर निर्माण गर्दा लाग्ने नक्सापास दस्तुरमा छुट दिइनेछ ।

172= **परम्परागत गोलघर र शताव्दी पुरा गरेका घर**हरुलाई मौलिक रुपमा मर्मत संभार गरी ऐतिहासिक सम्पदाको रुपमा अभिलेख राखि संरक्षण गर्न चाहने धनीहरुलाई सहयोग उपलव्ध गराइनेछ ।

173= भूमिहिन, सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको अभिलेख राखि संघीय नीति बमोजिम व्यवस्थित गरिनेछ ।

174= नगर क्षेत्रभित्र घर तथा संरचना निर्माणमा संलग्न हुने सिकर्मी, डकर्मी र निर्माण व्यवसायीहरुको अभिलेख राखि उनिहरुलाई भवन संहिता र भवन निर्माण मापदण्ड सम्वन्धमा अभिमूखीकरण गरिनेछ ।

175= बागलुङको पुरानो बजार क्षेत्र कम्पुटोल, किराना टोल, देउरालीचोक लगायतको क्षेत्रलाई ऐतिहासिक सम्पदा वस्तीको रुपमा विकाश गर्न आवश्यक पहल गरिनेछ । साथै नगरक्षेत्र भित्रका जोखिमयुक्त वस्तीको पहिचान गरी जोखिम बस्तीको रुपमा सिमांकन गरिनेछ । यस्ता जोखिमयुक्त वस्तीमा रहेका घरहरुलाई सुरक्षित स्थानमा **एकीकृत वस्ती विकास** गरी स्थानान्तरण गर्न पहल गरिनेछ ।

176= उज्यालो बागलुङ अन्तर्गत बजार क्षेत्रमा हाईमास्ट बत्ती जडानको कार्य सम्पन्न गरी अन्य सम्भावित क्षेत्रहरुमा विस्तार गर्दै लैजाने नीति लिईनेछ ।

177= संघीय नीति बमोजिम जग्गाको बैज्ञानीक वर्गीकरणको कार्यलाई यथासंभव समयमै सम्पन्न गरिनेछ । जग्गाको चक्लावन्दीको लागि प्रोत्साहनको नीति लिईनेछ । एक भन्दा बढी कित्ता एकीकरण गर्ने प्रयोजनको लागि गरिने सिफारिस दस्तुरमा ५० छुट दिईनेछ । साथै नयाँ नापी नक्सा सहित वैज्ञानीक भूमि व्यवस्थापनको कार्य अगाडि बढाउन सम्वन्धित निकायमा पहल गरिनेछ ।

178= दिगो विकास लक्ष्यले परिलक्षित गरेका सुचकहरुलाई आधार मानि सो बमोजिमका लक्ष्यहरुको स्थानियकरण गर्दै विकास क्रियाकलापहरु अगाडि बढाईनेछ

179= बाङ्गेचौर खेलमैदान, खुदुर्के देखी उत्तर पश्चीम तर्फको काँठेखोला तीरको जग्गा, कालाखोला औधोगिक ग्राम, रात्माटा साविकको नगरपालिकाको भवन रहेको जग्गा लगायतका अन्य जग्गाहरुको उपयोगको प्रस्ताव तयार गरी सम्वन्धीत मन्त्रालय तथा निकायमा भोकाधिकारको लागि पहल गरिनेछ । बाङ्गेचौर खेलमैदानलाई मिनि स्टुडियम तयार गर्नको लागि डिपिआर सहित आवश्यक पहल गरिनेछ ।

**संचार तथा सुचना प्रविधि**

180= नगरपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायत नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई निरन्तर रुपमा **कार्यालयको आधिकारीक सामाजिक सञ्जाल पेज** मार्फत प्रकाशनको कार्यलाई थप व्यवस्थित गरिनेछ । नगरपालिकाको गतिविधि र काम कारवाहीका सम्वन्धमा स्थानीय संचारकर्मीहरुसंग नियमित अन्तरक्रिया गरिनेछ ।

181= नगरपालिकाको सुचना, विज्ञापन र समाचारलाई व्यवस्थीत गर्नको लागि नगरक्षेत्रभित्र क्रियाशिल रहेका पत्रपत्रिका, एफ.एम. र टेलिभिजनसंग बार्षिक सम्झौता गरी नगरपालिकाका सम्पूर्ण सूचना तथा विकास निर्माण लगायतका कार्यक्रमको जानकारी आम नगरवासी समक्ष पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ । पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघसंग समन्वय गरी नगरपालिकाको सार्वजनिक सुनुवाईलाई निरन्तरताा दिइनेछ ।

182= स्थानीय संचार माध्यमको सवलीकरण र संचारकर्मीहरुको क्षमता विकासको लागि सहयोग गरिनेछ । नगरपालिकाको सुचना विज्ञापन प्रशासनको लागि स्थानीय संचार माध्यमलाई प्राथकिता दिईनेछ । पत्रकारिताको माध्यमबाट नगरको विकास र समृद्धिमा उत्कृष्ट योगदान गर्ने **संचारगृह र संचारकर्मीलाई** सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

183= नगरपालिकाको सेवा प्रवाहलाई क्रमश सूचना प्रविधियुक्त बनाईनेछ ।

184= सम्वन्धित निकायसंगको समन्वय र साझेदारीमा बा.न.पा. वडा नं. २ स्थित ऐतिहासीक पार्क (Historical Park) मा **फ्रि वाईफाईको** व्यवस्था गरिनेछ ।

185= स्थानीय संचार माध्यमको सवलीकरणको लागि सहगोग गर्ने ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

186= नगरपालिका क्षेत्रभित्र सफा र दिगो उर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। यसका लागि कार्यविधि र मापदण्ड वनाई बैकल्पीक उर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।

187= नगरक्षेत्रमा हरियाली प्रवर्धनका लागि वृक्षरोपण गर्ने संस्कृतिको विकास गरी संचालन गरिनेछ । नगर क्षेत्रभित्रका संघ संस्थाहरुको साझेदारीमा **पार्क** निर्माण गरिनेछ ।

188= नगरस्तरीय **विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना** निर्माण गर्न सम्वन्धीत निकायहरु संग समन्वय तथा सहकार्य गरिनेछ। विपद व्यवस्थापन पूर्व तयारी, उद्धार, राहत र पुननिर्माण तथा पुनस्थापनाका लागि सरोकारवालाहरुको सहभागितामा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

189= Hot Line सेवा मार्फत संचालित नि:शुल्क एम्वुलेन्स सेवालाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ । विपदको समयलाई मध्येनजर गरी शुरु गरिएको सव वहान, दमकल, ब्याको लोडर जस्ता सेवालाई एकीकृत गरी २४ सै घण्टा संचालनको व्यवस्था मिलाईनेछ ।

190= नगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण ताल तलैया, कुवा, पोखरी लगायत प्राकृतिक जलाशयहरुको संरक्षण गर्न **एक वडा एक पोखरी** कार्यक्रम संचालन गरिनेछ ।

191= नगरक्षेत्र भित्र रहेका **वर, पिपल, स्वामी** लगायतका वृक्षहरु र चौतारीको परम्परागत शैलि झल्कने गरी संरक्षण र सम्वर्द्धन गरिनेछ। आवास तथा खेतीयोग्य क्षेत्रमा रहेका अव्यवस्थित एवं जोखिमयुक्त झाडीहरु व्यवस्थापन गर्न सम्वन्धित जग्गाधनीहरुलाई परिचालन गरिनेछ ।

192= नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको सिमांकन, लेखांकन र अभिलेखीकरण गरी संरक्षण र उपयोग गरिनेछ । सम्वन्धित क्षेत्रका सामुदायिक वनसंगको साझेदारीमा ढल प्रशोधन केन्द, फोहोर व्यवस्थापन केन्द्र, वाल उद्यान, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लगायतका सामुदायिक पुर्वाधार निर्माण र संचालन गरिनेछ ।

193= कालाखोला वस्तीलाई असर गर्ने गरी कालीगण्डकी नदीले कटान गर्दै गएकोले सो क्षेत्रको जोखिम न्यूनिकरण हुने गरी कार्य अगाडि बढाईनेछ ।

194= नगरपालिकाको वन क्षेत्र भित्र जडिबुटी रोपण, संकलन, व्यवस्थापनका लागि जडिबुटी अनुसन्धान तथा प्रशोधन कार्यक्रम संचालन गरिनेछ। साथै प्रत्येक वडामा फलफुल जन्य नर्सरीको स्थापना गरी सामुदायीक वनको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।

195= नगरपालिका भित्रका पहिरोको जोखिम रहेको सडक क्षेत्राधिकार भित्र बाँस, अमृसो लगायतका बिरुवा रोपी बायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ। नगरका सडक आसपास रुख रोप्ने कार्यलाई प्रोत्साहन गरी **ग्रिन रोडको** अवधारणालाई कार्यान्वयन गरिनेछ।

196= बागलुङ नगरक्षेत्र भित्रका तामाखानी, ढुंगा खानी लगायतका खानीहरुको अध्ययन गरिनेछ।

**सामाजिक विकास तथा समावेशिकरण**

197= **नगरको छोरी** कार्यक्रमलाई निरन्तरता दिईने छ।

198= २०८१ पौष मसान्त सम्म बागलुङ नगरलाई बालमैत्री नगर घोषणा गरिनेछ।

199= स्वदेश तथा विदेशबाट समेत यस पालिकामा श्रमिकको रुपमा काम गर्न आउने श्रमिकहरुको पहिचान र नगरपालिकाको सामाजिक उत्तरदायित्वको लागि सवै प्रकारका श्रमिकहरुलाई **पहिचान पत्र** वितरणको कार्यलाई थप व्यवस्थित गरिनेछ।

200= हिंसा पिडित महिलाहरुका लागि संचालनमा रहेको अल्पकालीन सेवा केन्द्र (Safe House) लाई निरन्तरता दिईनेछ।

201= ६५ बर्ष उमेर पुरा भएका तर हेरचाह गर्ने व्यक्ति कोहि नभएका र राज्यबाट तथा अन्य मुलुकबाट नियमित सुविधा प्राप्त नगरेका नितान्त बेसहरा र आयश्रोत नभएका व्यक्तिहरुको संरक्षकत्व ग्रहण गर्दै **बुबा आमा संग नगरप्रमुख** कार्यक्रम संचालन गरिनेछ। ज्येष्ठ नागरिक प्रतिको सामाजिक उत्तरदायित्व वहन गर्दै निजहरुको घरदैलोमा नै पुगि स्वास्थ्य उपचार, निःशुल्क औषधि वितरण, निःशुल्क विमा, मासीक पोषण खर्च जस्ता सहुलियतको व्यवस्था गर्ने गरी आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ।

202= **ज्येष्ठ नागरिक हाम्रा गौरव** कार्यक्रमको शुरुवात गरी जेष्ठ नागरिकहरुलाई उत्कृष्ट पालन पोषण तथा स्याहार गर्ने कुशल बुहारीलाई सम्मान गर्ने परिपाटीको शुरुवात गरिनेछ।

203= ज्येष्ठ नागरिकहरु वीच अन्तरक्रिया, भलाकुसारी, मनोरञ्जन, ज्ञान, सीप, र अनुभवको पुस्तान्तरण गर्ने थलोको रुपमा प्रयोग गर्ने गरी **ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र ज्येष्ठ नागरिक चौतारी** कार्यक्रमको सुरुवात गरिनेछ।

204= सार्वजनिक यातायातलाई महिला तथा अपांगतामैत्री बनाउने गरी पहल गरिनेछ।

205= घरेलु हिंसा, लैङ्गीक तथा यौनिक हिंसा, छुवाछुत, वालविवाह, वहुविवाह जस्ता सामाजिक कुरीती हटाउन वहस पैरवी लगायत नियमनका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

206= जातिय पेशा र संस्कृतिको संरक्षण गर्दै सघन दलित वस्ती भएको क्षेत्रलाई आवश्यक पूर्वाधार निर्माण गरी **नमुना दलित बस्तीको** रुपमा लगिनेछ। दलित वर्ग उत्थान समिति गठन गरी दलितहरुको हकहितको लागि आयमुलक, रोजगारमुलक, सीपमुलक र चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

207= ज्येष्ठ नागरिक तथा शसस्त्र द्वन्दका घाईते अपाङ्ग व्यक्तिहरुका लागि धौलागिरी अस्पताल तथा बागलुङ नगर अस्पतालमा आवश्यक संख्यामा शैया आरक्षणको व्यवस्थालाई निरन्तरता दिईनेछ।

208= नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचना वालमैत्री र अपांगतामैत्री वनाउन समन्वय र सहजीकरण गरिनेछ।

209= नगर क्षेत्रका विभिन्न वस्तीमा घर, गोठ, खेतवारीमा प्रत्यक्ष असर पुऱ्याउने रुख विरुवा कानुनी प्रकृया पुरा गरी कटानको लागि सम्वन्धित निकायमा पहल गरिनेछ।

210= छाडा तथा सामुदायिक कुकुरको कारण देखिएको भय त्रासलाई न्यूनीकरण गर्न, कुकुरको टोकाईबाट पैदलयात्रीलाई बचाउन तथा सवारी दुर्घटनामा कमी ल्याउनको लागि प्रदेश सरकारको नवप्रवर्तन कार्यक्रम मार्फत शुरु गरिएको Dog shelter निर्माण कार्यलाई पूर्णता दिई व्यवस्थित संचालन गरिनेछ।

211= Dog shelter लाई नमुना को रुपमा संचालन गरिनेछ। कुकुर भेटघाट, अध्ययन तथा अवलोकन गर्न आउनेहरुका लागि सशुल्क अध्ययनको व्यवस्था मिलाईनेछ।

212= लक्षित वर्ग तथा क्षेत्रको लागि विनियोजन गरिने सफ्टवयर तर्फको बजेटलाई **सीप शिकौं, आत्मनिर्भर बनौं** भन्ने नाराका साथ आयमूलक कार्यक्रमसंग जोड्ने गरी नगरपालिका भित्र लोक सेवा तयारी कक्षा,

मर्मत, प्लम्वीङ, कम्प्युटर, हाउस वायरिङ जस्ता कक्षा संचालन गर्ने गरी कम्प्युटर तथा सीप स्कुल संचालन गरिनेछ ।

213= धर्म, सस्कृति, आतिथ्यता सत्कार लगायतको क्षेत्रमा अध्ययन गरी नमुना गाँउ निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**राजश्व तथा कर नीति**

214= नगरपालिकाको विद्यमान राजश्व तथा कर नीति, करका दर र दायराहरु वैज्ञानिक, वस्तुनिष्ठ, प्रगतीशिल र करदातामैत्री वनाउने सम्वन्धमा नीजि क्षेत्रको समन्वयमा **विज्ञ** द्वारा अध्ययन गरिनेछ । अध्ययन पश्चात प्राप्त प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ ।

215= व्यवसायीलाई राहत दिनको लागि व्यवसाय कर लगायत सम्पूर्ण करमा असोज मसान्त सम्म १० प्रतिशत छुट र फोहरमैला शुल्कको हकमा एक बर्षको एकमुष्ठ तिर्ने करदाताको कर रकममा एक महिनाको शुल्क छुट दिने गरी निरन्तरता दिईनेछ ।

216= व्यवसाय कर, घर वहाल कर लगायतका कर संकलन र व्यवसाय दर्ताको लागि **घरदैलो कार्यक्रम** सघन रुपमा संचालन गरिनेछ । व्यवसाय दर्ता र कर संकलनमा नीजि क्षेत्रका संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ । स्थानीय तहको मुख्य आर्थिक आधार मानिएको **आन्तरिक राजश्व** अभिबृद्धिका लागि संभावित क्षेत्रहरुको खोजि एवम् विस्तार गरिनेछ ।

217= खाली बोतल तथा फुटेका सिसाको व्यवस्थापन गरी वातावरण सन्तुलन कायम राख्न सवै प्रकारका मदिराको बोतलमा खाली तथा फुटेका बोतल व्यवस्थापन शुल्क लगाईनेछ ।

218= नगरको विकासमा नीजि क्षेत्रमा नीजि क्षेत्रलाई संलग्न गराउने र स्थानीयवासीलाई जिम्मेवार बनाउने र नगरपालिकाको कर तथा राजश्वको दायरा समेत वृद्धी गर्ने उद्धेश्यले कोशेली घर, तरकारीमण्डी, व्यवसाय कर, पार्किङ शुल्क जस्ता क्षेत्रको पहिचान गरी सार्वजनिक नीजि साझेदारी (PPP) मार्फत कार्यक्रम संचालन गरिनेछ ।

219= करका दायराको खोजी गरी उत्कृष्ट करदातालाई सम्मान र कर नतिर्ने करदातालाई जरिवाना सहित कर असुली संयन्त्र निर्माण गरी कडाईका साथ लागु गरिनेछ ।

अन्तमा यस नीति तथा कार्यक्रम तर्जुमा कार्यमा योगदान पुऱ्याउनु हुने नगर उप-प्रमुख, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी नीति तथा कार्यक्रमका लागि सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, बागलुङ नगरपालिकाका निवर्तमान जनप्रनिधिहरु, विषयगत कार्यालयका कार्यालय प्रमुखज्यूहरु, बागलुङ उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाका प्रमुख एवं प्रतिनिधीहरु, सहकारी अभियान्ताहरु, गैर सरकारी संघ संस्थाहरुका प्रतिनिधीहरु, नागरिक समाज, पत्रकार, सुचना प्रविधि मार्फत सुझाव प्रदान गर्ने महानुभावहरु लगायत सम्पूर्ण आदरणीय दाजुभाई दिदी वहिनी, आमावुवाहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नीति तथा कार्यक्रमको मस्यौदा तयारीमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

**जय बागलुङ ।**

(बसन्त कुमार श्रेष्ठ)
नगर प्रमुख

२०८१।३।.... गते